| ४. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग | प्रतिशत | ९१.२ | ८५.८ |
| ५. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत | प्रतिशत | ८.८ | १४.२ |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

### ३.१.४ उत्पादकत्व

योजनाको लक्षित आर्थिक वृद्धिदर हासिल गर्न लगानी र मानवीय तथा प्राकृतिक स्रोतको समुचित एवम् विवेकपूर्ण उपयोग गरी उत्पादकत्व बढाउनु आवश्यक छ । छिमेकी र अन्य विकासशील देशहरूको तुलनामा नेपालको उत्पादकत्व न्यून रहेको छ । हालको न्यून उत्पादकत्वको अवस्थालाई अभिवृद्धि गरी प्रदेशको समृद्धि हासिल गर्न स्रोतको उचित प्रयोग तथा समुचित वितरणमार्फत उत्पादकत्व वृद्धि गर्नु जरुरी छ ।

योजना अवधिमा प्रदेश तहमा उत्पादकत्व वृद्धि गर्न मानव संसाधनको विकासमा विशेष प्राथमिकता दिनुपर्ने छ । बजारकेन्द्रित सीप एवम् दक्ष र स्वस्थ जनशक्तिको विकासमार्फत प्रदेशको आर्थिक क्रियाकलापलाई सक्रिय गराउनु पर्नेछ। यातायात र सञ्चार लगायतका भौतिक पूर्वाधारको विकाससहितको व्यवस्थित सहरीकरण, विद्युतीय ऊर्जाको उत्पादन वृद्धिसङ्गै उत्पादनमूलक उद्योग तथा सेवा क्षेत्रमा अधिकतम उपयोग बढाई उत्पादन लागत घटाएर तत्कालीन तथा दीर्घकालीन रूपमा उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ।

क्षेत्रगत रूपमा कृषि तथा वनमा नवीनतम ज्ञान र सीपको प्रयोग, सिंचाइ सुविधाको वृद्धि, आधुनिक कृषि यन्त्रको प्रयोग, कृषि जमिनको सुधार, सघन खेती र उच्च मूल्यका कृषि तथा वन पैदावारको विकास गरी उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य रहेको छ । उद्योग क्षेत्रमा विद्युतीय ऊर्जाको उपलब्धता र प्रयोगमा वृद्धि, आधुनिक प्रविधिको अवलम्बन, दक्ष र सीपयुक्त जनशक्तिको विकास, उद्यमशीलता विकास एवम् उद्योगमैत्री कानुन निर्माण गरी सार्वजनिक खरिद र निर्माणलाई मितव्ययी बनाएर उत्पादकत्व अभिवृद्धि गरिनेछ । सेवा क्षेत्रमा नवीनतम ज्ञान, सीप र प्रविधिको अधिकतम प्रयोग तथा व्यवस्थापनमा सुधारसहित स्तरीय सेवा दिन सक्षम बनाई उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य रहेको छ ।

## ३.२ सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी

दोस्रो आवधिक योजना अवधिमा संघ, प्रदेश र स्थानीय तहले परिलक्षित गरेका योजना तथा कार्यक्रमहरु निर्धारित समय र लागतमा सम्पन्न हुनुका साथै निर्माणाधीन आयोजनाहरू यसै अवधिमा सम्पन्न भई सञ्चालनमा आउने हुँदा अर्थतन्त्र थप चलायमान हुने अनुमान रहेको छ । यसबाट आर्थिक स्थायित्व कायम भई प्रक्षेपित

आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ । योजना अवधिमा कृषि, उद्योग र पर्यटन क्षेत्रमा आवश्यक पुँजी लगानीको साथै नवीनतम ज्ञान, सीप र प्रविधि प्रयोग गरी उत्पादन र उत्पादकत्व बढाउन आवश्यक छ । त्यसैगरी, सबै स्थानीय तहमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार र भौतिक पूर्वाधारको विकास गर्दै अन्तरआबद्धता बढाउनुपर्नेछ ।

सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्कको आधारमा कुल लगानी प्रक्षेपण गरिएको छ। प्रदेश तहमा सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्क उपलब्ध नभएकोले सङ्घीय सरकारको सोह्रौं योजनामा उल्लेख गरिएको सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्क र प्रदेशको प्रथम आवधिक योजनामा उल्लेख गरिएको तथ्याङ्कको आधार तथा नयाँ प्रविधि र दक्ष जनशक्तिको प्रयोगबाट उत्पादनमा आएको परिवर्तनलाई समेत मध्यनजर गरी प्रदेशको सीमान्त पुँजी उत्पादन अनुपात आकलन गरिएको छ ।

सीमान्त पुँजी उत्पादन अनुपातअनुसार औसत ७.१६ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न योजना अवधिमा कुल स्थिर पुँजी लगानी रू. १४ खर्ब ९९ अर्ब ६ करोड लाग्ने अनुमान गरिएको छ । जसमा प्राथमिक क्षेत्रमा रू. १ खर्ब ८२ अर्ब ९२ करोड, द्वितीय क्षेत्रमा रू. ३ खर्ब ७४ अर्ब १८ करोड र तृतीय क्षेत्रमा रू. ९ खर्ब ४१ अर्ब ९६ करोड स्थिर पुँजी लगानी गर्नुपर्ने अनुमान गरिएको छ । त्यसैगरी, कृषि क्षेत्रमा स्थिर पुँजी लगानी रू. १ खर्ब ६७ अर्ब ६५ करोड र गैरकृषि क्षेत्रमा रू. १३ खर्ब ३१ अर्ब ४१ करोड लगानी गर्ने अनुमान गरिएको छ ।

## तालिका ३.६: सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (स्थिर मूल्यमा)

(रू. करोडमा)

| क्र.सं. | क्षेत्रहरू | अनुमानित सिमान्त पुँजी उत्पादन अनुपात | दोस्रो आवधिक योजनाको प्रक्षेपित लगानी | | | | | योजना आवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| **१** | **प्राथमिक क्षेत्र** | **३.४९** | **३३६७** | **३४१६** | **३६६०** | **३७४२** | **४१०८** | **१८२९२** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ३.४१ | ३१६५ | ३१४४ | ३३५३ | ३३८८ | ३७१६ | १६७६५ |
| १.२ | खानी तथा उत्खनन | ७.८५ | २०१ | २७२ | ३०७ | ३५४ | ३९२ | १५२७ |
| **२** | **द्वितीय क्षेत्र** | **६.३२** | **५४२६** | **६३०८** | **७३९०** | **८४१०** | **९८८४** | **३७४१८** |
| २.१ | उत्पादन मूलक उद्योग | ७.४९ | २००० | २४६४ | २९८९ | ३०८५ | ३७८४ | १४३२२ |
| २.२ | बिद्युत्, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १८.४५ | १६३७ | १८९५ | २२२८ | २६०० | २९८६ | ११३४६ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ७.८६ | २३२ | २१३ | २४५ | २६५ | ३२५ | १२७९ |
| २.४ | निर्माण | ३.९९ | १५५८ | १७३६ | १९२७ | २४६० | २७९० | १०४७१ |
| **३** | **सेवा क्षेत्र** | **५.३१** | **१४२०३** | **१६७२५** | **१८५६९** | **२११८९** | **२३५१०** | **९४१९६** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | २.७८ | १६२३ | १७७७ | १९९६ | २३७४ | २७०९ | १०४८० |
| ३.२ | यातायात तथा भण्डारण | ११.३५ | ३५८७ | ५०७२ | ५६०४ | ६६६७ | ७४१४ | २८३४३ |
| ३.३ | आवास तथा भोजन सेवा | ६.२१ | १३३९ | १५२७ | १७२८ | २०२१ | २३५७ | ८९७१ |
| ३.४ | सूचना तथा सञ्चार | ९.९८ | ७४५ | ७८२ | ८०७ | ८३५ | ८९७ | ४०६६ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | २.९८ | ८६९ | ९४९ | १०४२ | ११३४ | १२४४ | ५२३७ |
| ३.६ | घरजग्गा कारोबार | ५.६१ | ८०९ | ९२६ | १०४१ | ११३१ | १२०२ | ५१०९ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३.५१ | ५९ | ६१ | ६३ | ६८ | ७५ | ३२५ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ४.२४ | ५५ | ५८ | ५८ | ६१ | ६४ | २९७ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ४.४७ | २०३४ | २२०१ | २१८४ | २३३१ | २४४५ | १११९६ |
| ३.१ | शिक्षा | ४.०३ | २००८ | २२२१ | २५७४ | २९२६ | ३२४० | १२९६९ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ८.७४ | १०१५ | १०८३ | १३९९ | १५६१ | १७८० | ६८३७ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | २.९५ | ६० | ६८ | ७३ | ८० | ८५ | ३६६ |
| | **कुल** | **४.९१** | **२२९९६** | **२६४४९** | **२९६१९** | **३३३४१** | **३७५०२** | **१४९९०६** |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

## ३.३ लगानी प्रक्षेपण

योजना अवधिका लागि आवश्यक लगानी निजी, सार्वजनिक, सहकारी र सामुदायिक गरी चार वटा क्षेत्रबाट हुनेछ । योजना अवधिमा लगानी गर्नुपर्ने कुल १४ खर्ब ९९ अर्ब ०६ करोडमध्ये सार्वजनिक क्षेत्रबाट ५ खर्ब ३८ अर्ब ६२ करोड, निजी क्षेत्रबाट ८ खर्ब ९८ अर्ब ४९ करोड, सहकारीबाट ४५ अर्ब ६५ करोड र सामुदायिक संस्थाहरूबाट १६ अर्ब ३० करोड लगानी हुने अपेक्षा गरिएको छ ।

**तालिका ३.७ः सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट लगानी सहभागिता**

**(रू.करोडमा)**

| क्र. सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **प्राथमिक क्षेत्र** | **२९६१** | **१४६०४** | **१२२७** | **३३९** | **१९१३१** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २७६५ | १३२८० | ११३८ | ३१५ | १७४९७ |
| १.२ | खानी तथा उत्खनन | १९६ | १३२४ | ९० | २४ | १६३४ |
| **२** | **द्वितीय क्षेत्र** | **१६०७९** | **१९९०४** | **१०१९** | **३७९** | **३७३८१** |
| २.१ | उत्पादनमूलक उद्योग | २६७८ | १२२८९ | ७८८ | ० | १५७५५ |
| २.२ | बिद्युत्, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ६३१३ | ३७६७ | १०१ | ० | १०१८२ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ८२८ | २४२ | २९ | ३२८ | १४२७ |
| २.४ | निर्माण | ६२६१ | ३६०६ | १०० | ५० | १००१७ |
| **३** | **सेवा क्षेत्र** | **३४८२२** | **५५३४१** | **२३१९** | **९१३** | **९३३९४** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ७३१ | ९३३० | ११८० | ० | ११२४१ |
| ३.२ | यातायात तथा भण्डारण | ५९९५ | १९००५ | ५१० | ० | २५५१० |
| ३.३ | आवास तथा भोजन सेवा | ३७९ | ७९१५ | १२७ | ० | ८४२० |
| ३.४ | सूचना तथा सञ्चार | १७२६ | २७५७ | ० | ० | ४४८३ |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | १३१६ | ५०१३ | ३५४ | ० | ६६८४ |
| ३.६ | घरजग्गा कारोबार | २६५ | ४६९८ | १२७ | ० | ५०९० |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३ | २७७ | ० | ० | २८० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ७ | ३४० | ० | ० | ३४७ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १०४५८ | ० | ० | ० | १०४५८ |
| ३.१ | शिक्षा | ८७४० | ३४७० | ० | ६४२ | १२८५२ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ५१४१ | २२१० | ० | २६७ | ७६१८ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ६२ | ३२६ | २० | ४ | ४१२ |
| | **जम्मा** | **५३८६२** | **८९८४९** | **४५६५** | **१६३०** | **१४९९०६** |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

योजना अबधिमा हुने कुल लगानी मध्ये सार्वजनिक क्षेत्रबाट ३६ प्रतिशत, निजी क्षेत्रबाट ६० प्रतिशत, सहकारीबाट ३ प्रतिशत र सामुदायिक क्षेत्रबाट १ प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ।

**तालिका ३.८ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानीको हिस्सा**

**(प्रतिशतमा)**

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक |
|---|---|---|---|---|---|
| **१** | **प्राथमिक क्षेत्र** | १५.५ | ७६.३ | ६.४ | १.८ |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १५.८ | ७५.९ | ६.५ | १.८ |
| १.२ | खानी तथा उत्खनन | १२.० | ८१.० | ५.५ | १.५ |
| २ | द्वितीय क्षेत्र | ४३.० | ५३.२ | २.७ | १.० |
| २.१ | उत्पादनमूलक उद्योग | १७.० | ७८.० | ५.० | ०.० |
| २.२ | बिद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ६२.० | ३७.० | १.० | ०.० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ५८.० | १७.० | २.० | २३.० |
| २.४ | निर्माण | ६२.५ | ३६.० | १.० | ०.५ |
| **३** | **सेवा क्षेत्र** | ३७.३ | ५९.३ | २.५ | १.० |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ६.५ | ८३.० | १०.५ | ०.० |
| ३.२ | यातायात तथा भण्डारण | २३.५ | ७४.५ | २.० | ०.० |
| ३.३ | आवास तथा भोजन सेवा | ४.५ | ९४.० | १.५ | ०.० |
| ३.४ | सूचना तथा सञ्चार | ३८.५ | ६१.५ | ०.० | ०.० |
| ३.५ | वित्तीय तथा बिमाका क्रियाकलाप | १९.७ | ७५.० | ५.३ | ०.० |
| ३.६ | घरजग्गा कारोबार | ५.२ | ९२.३ | २.५ | ०.० |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १.० | ९९.० | ०.० | ०.० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | २.० | ९८.० | ०.० | ०.० |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १००.० | ०.० | ०.० | ०.० |
| ३.१ | शिक्षा | ६८.० | २७.० | ०.० | ५.० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६७.५ | २९.० | ०.० | ३.५ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | १५.० | ७९.० | ५.० | १.० |
| | **जम्मा** | ३५.९ | ५९.९ | ३.० | १.१ |

*स्रोतः लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

## ३.४ सार्वजनिक खर्च व्यहोर्ने स्रोत

सङ्घीय संरचनाअनुसार प्रदेशमा तीन तहका सरकारबाट लगानी तथा खर्च गर्ने व्यवस्था रहेको छ । तर प्रदेशगत रूपमा संघ र स्थानीय तहले गर्ने खर्चको विवरण आकलन गर्न तथ्याङ्कको अभाव छ । लक्षित उपलब्धि हासिल गर्न तीनै तहका सरकारबाट प्रदेशमा आकलन गरिए अनुसारको लगानी गर्नु आवश्यक छ । प्रदेश सरकारका विगत आर्थिक वर्षका बजेट, आम्दानीका स्रोत तथा राजस्व सङ्कलन, खर्चका साथै सङ्घीय

सरकारको बजेट समेतका आधारमा लुम्बिनी प्रदेश सरकारको योजना अवधिको लागि बजेटको अनुमान तयार गरिएको छ ।

योजना अवधिमा प्रदेश सरकारबाट कुल २ खर्व ५६ अर्ब ९ करोड खर्च हुने अनुमान गरिएको छ । उक्त खर्चमध्ये चालु खर्च ६५ अर्ब ९८ करोड, पुँजीगत खर्च १ खर्व ७१ अर्ब ५ करोड, वित्तीय हस्तान्तरण १८ अर्ब ८९ करोड तथा आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा १८ करोड खर्च हुने अनुमान गरिएको छ ।

योजना अवधिमा हुने कुल खर्चमध्ये रू. २ खर्व २५ अर्ब ९८ करोड आन्तरिक राजस्व, राजस्व बाँडफाँट र सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानबाट व्यहोर्ने अनुमान गरिएको छ । प्रस्तावित बजेटको घाटा ३० अर्ब ११ करोडमध्ये वैदेशिक ऋण तथा अनुदानबाट २६ अर्ब २२ करोड, आन्तरिक ऋणबाट १ अर्ब ८९ करोड र अघिल्लो वर्षको बजेट बचतबाट २ अर्ब पूर्ति हुने अनुमान गरिएको छ ।

**तालिका ३.९: प्रदेश सरकारको वजेट र खर्च व्यहोर्ने स्रोत अनुमान**

**(रू. करोडमा)**

| क्र.स. | विवरण | आधार वर्ष २०८०/८१ को यथार्थ | आधार वर्ष २०८०/८१ को संशोधित अनुमान* | दोस्रो आवधिक योजनाको लक्ष्य | | | | | योजना आवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| **१** | **कुल वजेट** | **२७२४** | **३३६१** | **३८९७** | **४४७२** | **५२१०** | **५७२३** | **६३०८** | **२५६०९** |
| २ | कुल राजस्व र अनुदान | २४७२ | ३१०९ | ३६९७ | ४०६६ | ४४४६ | ४९२७ | ५४६३ | २२५९८ |
| २.१ | कुल राजस्व | १४०३ | १७३८ | २२९५ | २५२४ | २७७५ | ३०७२ | ३४०४ | १४०७० |
| २.१.१ | आन्तरिक राजस्व | ४६३ | ६१५ | ४३५ | ४७९ | ५२७ | ५७९ | ६३८ | २६५८ |
| २.१.२ | संघबाट प्राप्त राजस्व बाँडफाँट | ८८६ | १०८८ | १७७४ | १९५१ | २१४६ | २३८२ | २६४४ | १०८९८ |
| २.१.३ | अन्य प्राप्ति (वेरुजु, निकासा फिर्ता र अनुदान फिर्ता) | ३५ | १६ | ३६ | ३९ | ४३ | ४८ | ५२ | २१९ |
| २.१.४ | रोयल्टी बाँडफाँट संघबाट प्राप्त | १९ | १९ | ५० | ५४ | ५९ | ६३ | ७० | २९६ |
| २.२ | संघीय सरकारबाट प्राप्त अनुदान | १०६९ | १३७१ | १४०२ | १५४२ | १६७१ | १८५५ | २०५९ | ८५२८ |
| २.२.१ | वित्तीय समानीकरण | ६०४ | ७१७ | ८२९ | ९१२ | १००३ | १११३ | १२३५ | ५०९१ |
| २.२.२ | सशर्त अनुदान | ३८९ | ५१४ | ४१९ | ४६१ | ४८० | ५३३ | ५९२ | २४८६ |
| २.२.३ | समपूरक अनुदान | २३ | ८४ | ९२ | १०२ | ११३ | १२५ | १३९ | ५७१ |
| २.२.४ | विशेष अनुदान | ५३ | ५६ | ६२ | ६८ | ७५ | ८३ | ९३ | ३८१ |
| **३** | **अघिल्लो वर्षको वजेट बचत** | **२५२** | **२५२** | **२००** | **०** | **०** | **०** | **०** | **२००** |
| **४** | **वैदेशिक अनुदान** | **०** | **०** | **०** | **६** | **७** | **३४** | **७६** | **१२२** |
| **५** | **कुल खर्च** | **२६४४** | **३१६१** | **३८९७** | **४४७१** | **५२१०** | **५७१८** | **६२९५** | **२५५९१** |
| ५.१ | चालु खर्च | ७३४ | ९६६ | ११२४ | ११९७ | १३१७ | १४०९ | १५५० | ६५९८ |
| ५.२ | पुँजीगत खर्च | १६०२ | १८०० | २४५९ | २९३५ | ३५१९ | ३८९८ | ४२९४ | १७१०५ |
| ५.३ | वित्तीय हस्तान्तरण चालु | ३०८ | ३९५ | ३१४ | ३३९ | ३७३ | ४११ | ४५२ | १८८९ |
| ६ | **खुद वैदेशिक ऋण** | ० | ० | ० | ४०० | ७०० | ७०० | ७०० | **२५००** |
| ६.१ | वैदेशिक ऋण सावाँ भुक्तानी | 0 | 0 | 0 | ० | ० | ० | ० | ० |
| ६.२ | वैदेशिक ऋण | 0 | 0 | 0 | ४०० | ७०० | ७०० | ७०० | २५०० |
| ७ | **खुद आन्तरिक ऋण** | **०** | **०** | **०** | **०** | **५७** | **५७** | **५७** | **१७१** |
| ७.१ | आन्तरिक ऋणको | ० | ० | ० | ० | ० | ६ | १२ | **१८** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सावाँ व्याज भुक्तानी | | | | | | | | |
| ७.२ | आन्तरिक ऋण | ० | ० | ० | ० | ५७ | ६३ | ६९ | १८९ |
| **८** | **ट्रेजरी बचत** | **८०** | **२००** | **०** | **०** | **०** | **०** | **०** | **०** |

*स्रोत: लुम्बिनी प्रदेश योजना आयोगको अनुमान, २०८१*

** आ व २०८०।८१ को आय तथा व्ययको संशोधित अनुमानको आधारमा आगामी वर्षहरुको प्रक्षेपण गरिएको।*

# परिच्छेद चारः सार्वजनिक वित्त र लगानी

## ४.१ वित्तीय व्यवस्था

### (१) पृष्ठभूमि

नेपालको संविधानले प्रदेश सरकारलाई राजस्व सम्बन्धी विभिन्न अधिकारहरू प्रदान गरेको छ । प्रदेशको एकल अधिकारको सूचीमा कृषि आयमा कर रहेको छ भने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना जस्ता राजस्व सम्बन्धी अधिकार प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेको छ । दुवै तहको साझा अधिकार सूचीमा रहेका करहरू लगाउने र उठाउने सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले एकल कर प्रशासनको व्यवस्था गरेको छ । उक्त ऐनले सवारी साधन कर प्रदेश सरकारले संकलन गरी स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँट गर्ने र घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर स्थानीय तहले संकलन गरी प्रदेशलाई ४० प्रतिशत बाँडफाँट गर्ने व्यवस्था रहेको छ । संघ र प्रदेशको राजस्वका साझा अधिकारहरूमा नदी, जलमार्ग, क्यासिनो, चिठ्ठा, पर्यटन, चलचित्र, सिनेमा हल, खेलकुद आदि पनि रहेका छन् । तीनै तहको साझा अधिकार क्षेत्रमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क रहेका छन् ।

नेपाल सरकारले संकलन गर्ने मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कको १५ प्रतिशत सम्बन्धित प्रदेश सरकारलाई बाँडफाँट गर्नुपर्ने तथा पर्वतारोहण, विद्युत्, वन (राष्ट्रिय वन र संरक्षित क्षेत्र), खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको २५ प्रतिशत प्रदेश सरकारले पाउने कानुनी व्यवस्था रहेको छ । प्रदेशले संकलन गर्ने सवारी साधन कर र स्थानीय तहले संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर तथा नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त आय प्रदेश र स्थानीय तहका बिच बाँडफाँट हुने राजस्वका रूपमा रहेका छन् ।

सङ्घीय सरकारले प्रदेशलाई र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान दिने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ । त्यसैगरी, सङ्घीय कानुनबमोजिम प्रदेश सरकारले घाटा बजेट पेस गर्न सक्ने र आन्तरिक ऋणको सीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको छ । आयोगले प्रदेशलाई नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने सिफारिस गर्दै आएको छ ।

संविधानमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा नीति तथा कानुन बनाउन सक्ने व्यवस्था रहेको छ । साथै, साझा अधिकारको सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था संघ सरकारले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको छ।

प्रदेश सरकारले “कर तथा गैरकर राजस्वसम्बन्धी ऐन २०७५" तर्जुमा गरेको छ । वार्षिक नीति तथा कार्यक्रमसँगै जारी गरिने प्रदेश आर्थिक ऐन, विषयगत कानुन र सङ्घीय कानुनमा उल्लेख भएबमोजिम प्रदेश सरकारले कर, दस्तुर, सेवा शुल्क संकलन तथा दण्ड जरिवाना असुल गर्ने कार्य गरिरहेको छ ।

प्रदेशको आन्तरिक आयमा सवारी साधन कर र घरजग्गा रजिष्ट्रेशन दस्तुरको प्रमुख हिस्सा रहेको छ भने दहत्तरवहत्तरको बिक्री आय, व्यवसाय रजिष्ट्रेशन दस्तुर, अन्य सेवा शुल्क तथा दस्तुरहरूबाट पनि आन्तरिक राजस्वमा योगदान रहेको छ । आन्तरिक आयमा मनोरञ्जन कर र विज्ञापन करको योगदान न्यून छ भने कृषि आयमा करको व्यवस्था गरिएको छैन ।

प्रथम आवधिक योजना अवधिमा प्रदेशको कुल आयमा आन्तरिक आयको हिस्सा औसतमा ११.१५ प्रतिशत रहेको छ । सोही अवधिमा बाँडफाँटबाट प्राप्त राजस्वको हिस्सा औसतमा २५.७२ प्रतिशत छ । प्रदेशको कुल आयमा आन्तरिक राजस्व र बाँडफाँटबाट प्राप्त राजस्वको औसत योगदान ३६.८८ प्रतिशत रहेको छ । त्यसैगरी, संघ सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको औसत हिस्सा ४३.६५ प्रतिशत रहेको छ भने अन्य स्रोतबाट प्राप्त आयको अंश १९.४७ प्रतिशत रहेको छ । साथै, नेपाल सरकारबाट प्राप्त अनुदानमध्ये वित्तीय समानीकरण ५० प्रतिशत, सशर्त ४७ प्रतिशत, समपूरक २ प्रतिशत र विशेष अनुदान १ प्रतिशत रहेको छ।

### (२) प्रमुख समस्या

प्रदेश सरकारको आन्तरिक राजस्वको अधिकार क्षेत्र र दायरा सीमित हुनु; प्रदेशको राजस्व सम्भाव्यता अध्ययन नहुनु; सवारी साधन करसम्बन्धी तथ्याङ्क अद्यावधिक नहुँदा प्रदेशमा रहेका सवारी साधनबाट असुल हुनुपर्ने राजस्व यकिन हुन नसक्नु; ट्राफिक प्रहरी प्रदेश तहमा हस्तान्तरण हुन नसक्दा सवारी कर भुक्तानीको प्रभावकारी अनुगमन हुन नसक्नु; ट्राफिक प्रहरीमार्फत असुल हुने जरिवानामा प्रदेश कानुनको अवलम्बन नहुँदा सङ्घीय सञ्चित कोषमा जानु; प्राकृतिक स्रोतका रूपमा रहेको ढुंगा, गिट्टी, बालुवाजस्ता नदीजन्य वस्तुको बिक्रीबापतको रकम बाँडफाँटबारे कानुनहरू बाझिदा प्रभावकारी कार्यान्वयन हुन नसक्नु प्रदेशको राजस्व क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

यसैगरी राजस्व बाँडफाँटको अनुमान वस्तुपरक नहुनु; आयको क्षमता र विनियोजनबिच तालमेल नहुनु; ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानका आयोजना निर्धारित अवधिमा सम्पन्न नहुँदा रकम फ्रिज भई प्रदेश सरकारको दायित्व बढ्नु; राजस्व बाँडफाँटको रकम समयमा उपलब्ध नहुनु; स्थानीय तहबाट प्रदेशलाई उपलब्ध हुनुपर्ने राजस्व बाँडफाँटको रकम उपलब्ध नहुनु; ऋण लिएर पुँजी निर्माण र दीर्घकालीन लाभ दिने खालका उत्पादनशील आयोजना वा कार्यक्रम पहिचान नहुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

### (३) अवसर र चुनौती

प्रदेश र स्थानीय तहले सहकार्य गरी स्वतन्त्र रूपमा राजस्वका दर निर्धारण गर्न सक्ने अधिकार प्राप्त हुनु, प्रदेश र स्थानीय तहबिच राजस्व बाँडफाँट र सहकार्य गर्ने अवसर हुनु, प्रदेशमा ४३ प्रतिशतभन्दा बढी वन क्षेत्र रहेकाले वनजन्य स्रोत परिचालनबाट उल्लेख्य मात्रामा राजस्व प्राप्त हुने सम्भावना रहनु, प्रदेशका ६

वटा जिल्लामा व्यावसायिक कृषिको सम्भावना भएकाले कृषि उत्पादनमा करको दायरा विस्तार हुने उच्च सम्भावना रहनु, प्रदेश सरकारले गर्ने लगानीबाट हुने आर्थिक क्रियाकलाप र मूल्य अभिवृद्धिबाट राजस्वको दायरा विस्तारको सम्भावना रहनु, खर्च आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय हस्तान्तरण हुने संवैधानिक व्यवस्था हुनु, प्रदेश सरकारलाई आन्तरिक ऋण लिएर पुँजी निर्माण तथा दीर्घकालीन लाभ दिने खालका उत्पादनशील आयोजना वा कार्यक्रममा लगानी गर्ने व्यवस्था हुनु जस्ता विषयहरु प्रमुख अवसरका रूपमा रहेका छन् ।

प्रदेशको बजेटमा आन्तरिक आयको हिस्सा बढाउनु; काठ, दाउरा, जडीबुटी तथा वन क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवालगायतका वन पैदावार तथा नदीजन्य पदार्थको उपयोगका विषयमा स्थानीय, प्रदेश र सङ्घीय तहको अधिकार सम्बन्धी स्पष्ट कानुनी एवम् नीतिगत व्यवस्था गर्नु; घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण र न्यूनतम मूल्याङ्कनसम्बन्धी बाझिएका कानुनमा एकरूपता ल्याउनु; प्रदेशको एकल अधिकारमा रहेको कृषि आयलाई करको दायरामा ल्याउनु; आन्तरिक आयमा व्यवसाय कर र मनोरञ्जन करको योगदान वृद्धि गर्नु; ऋण लिएर लगानी हुने आयोजना वा कार्यक्रमको पहिचान हुन नसक्नु जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रदेशको आर्थिक समृद्धिः आयस्रोतमा वृद्धि

**(५) लक्ष्यः** प्रदेशको आन्तरिक वित्तीय स्रोतको दिगो व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने ।

**(६) उद्देश्य**

(१) प्रदेशको बजेटमा आन्तरिक राजस्वको हिस्सा बढाउनु ।

(२) राजस्व बाँडफाँट तथा अनुदानलाई सहज र अनुमानयोग्य बनाउनु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: राजस्वसम्बन्धी संस्थागत सुदृढीकरण गर्ने ।**

**कार्यनीतिहरू**

(१) राजस्व प्रशासनका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापन र क्षमता विकास गरिनेछ ।

(२) राजस्व संकलनका लागि आवश्यक लगत अद्यावधिक गरी सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिनेछ ।

(३) राजस्व वृद्धिका लागि निजी क्षेत्र, अन्तरनिकाय, स्थानीय तह र नेपाल सरकारका निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**रणनीति २: राजस्व प्रशासनलाई प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरू**

(१) सवारी नवीकरणलाई विद्युतीय भुक्तानीसँग आबद्ध गर्न महालेखा नियन्त्रकको कार्यालयसँग समन्वय गरिनेछ ।

(२) राजस्व संकलन गर्ने कार्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाईनेछ ।

(३) नापी तथा मालपोत कार्यालयका स्रेस्ता प्रणालीलाई डिजिटल रूपमा व्यवस्थित गरिनेछ ।

(४) सवारी साधनको अभिलेख विद्युतीय सवारी दर्ता प्रणाली (भिआरएस) मा अभिलेखीकरण गरिनेछ।

(५) सवारी कर तिर्नुपर्ने अवधिबारे अटो एसएमएसमार्फत पूर्वसूचना दिने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

**रणनीति ३: राजस्वको दायरा बढाउने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशको राजस्व क्षमता अध्ययन गरी राजस्वको सम्भाव्यता आकलन गरिनेछ ।

(२) राजस्वको दर, दायरा र राजस्व प्रशासनमा आवश्यक सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ ।

(३) घरजग्गा रजिष्ट्रेशन शुल्क असुलीलाई व्यवस्थित र पारदर्शी बनाउन मालपोत कार्यालय र नापी कार्यालयको क्षमता विकास गरिनेछ ।

(४) घरजग्गाको कारोबारको यथार्थपरक मूल्याङ्कन हुने गरी दररेट निर्धारण गरिनेछ। घरजग्गा कारोबारीहरूलाई नियमन गरिनेछ।

(५) कृषिको आयमा लगाउने कर सम्बन्धमा विस्तृत अध्ययन गरी तदनुरुप कृषि आयमा कर लगाइनेछ ।

(६) विज्ञापन कर, मनोरञ्जन कर र पर्यटन शुल्क लागु हुने थप क्षेत्रहरूको अध्ययन गरी करको दायरामा समावेश गरिनेछ।

**रणनीति ४: अन्तर तह समन्वय र सहकार्य प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरू**

(१) राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन प्रदेश, स्थानीय तह र स्थानीय प्रशासनका बिचमा नियमित अन्तरक्रिया गरी समस्याको समाधान गरिनेछ।

(२) विज्ञापन कर, मनोरञ्जन कर र पर्यटन शुल्क सम्वन्धमा आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(३) प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐनमा समयानुकूल सुधार गरिनेछ ।

(४) स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहजीकरण र प्रोत्साहित गरिनेछ ।

(५) राजस्व सम्बन्धी विवाद व्यवस्थापनमा प्रदेश समन्वय परिषद्लाई प्रभावकारी बनाइनेछ ।

**रणनीति ५: वित्तीय हस्तान्तरणलाई पारदर्शी तथा न्यायोचित बनाउने ।**

**कार्यनीतिहरू**

(१) स्थानीय तहको वित्तीय आवश्यकता र राजस्व क्षमताका आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस एवम् तय गरिएका आधार र प्रदेश कानुनबमोजिम स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिनेछ।

(२) स्थानीय तहले संकलन गरी प्रदेश सरकारसंग बाँडफाँट गर्नुपर्ने राजस्व मौजुदा कानुनबमोजिम भए नभएको विषयमा अनुगमन गरी प्रदेशको हिस्सा सुनिश्चित गरिनेछ ।

(३) स्थानीय तहको आर्थिक सामाजिक विकासलाई मध्यनजर गरी विकासमा सन्तुलन ल्याउने गरी वित्तीय हस्तान्तरणलाई न्यायपूर्ण, पूर्वानुमानयोग्य र पारदर्शी बनाइनेछ ।

(४) स्थानीय तहको आन्तरिक राजस्व परिचालन क्षमता विकासका लागि सहजीकरण गरिनेछ ।

**रणनीति ६: उच्च प्रतिफलयुक्त आयोजना पहिचान, विकास र दिगो सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) आन्तरिक ऋण परिचालनसम्बन्धी कानुन तथा मापदण्ड निर्माण गरिनेछ ।

(२) आन्तरिक ऋण लिँदा उच्च प्रतिफल दिने आयोजना वा कार्यक्रम पहिचान र विकास गरी कार्यान्वयन गरिनेछ ।

(३) ऋण लगानी भएको आयोजना समयमा सम्पन्न गरी सोही आयोजनाको प्रतिफलबाट ऋणको साँवा र ब्याज भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ४.१ सार्वजनिक वित्तसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ्य उत्पानको वृद्धि दर | प्रतिशत | ४.०५ | ७.९ |
| २ | प्रदेश बजेटमा आन्तरिक आय/राजस्वको हिस्सा | प्रतिशत | १६.२ | २०.० |
| ३ | आन्तरिक राजस्वको वार्षिक वृद्धि दर | प्रतिशत | १५.१ | २५.० |
| ४ | राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको वृद्धि दर | प्रतिशत | ११.९ | १५.० |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१*

## ४.२ सार्वजनिक खर्च

**(१) पृष्ठभूमि**

लुम्बिनी प्रदेश सरकारले संविधानको अनुसूची अनुसार प्रदेश सरकारका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही सार्वजनिक खर्च गर्दै आएको छ । प्रदेश सरकारले सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउन सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । विगतका आर्थिक वर्षहरूमा कुल खर्चमध्ये चालु र पुँजीगत खर्चको औषत अंश क्रमश: ४१ प्रतिशत र ५९ प्रतिशत रहेको छ ।

**तालिका ४.२ लुम्बिनी प्रदेश सञ्चित कोषको अवस्था**

**(रू.लाखमा)**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १. | कुल प्रादेशिक राजस्व र अनुदान | २४५५१४ | ३३७८६३ | ३६८०७३ | ३५९४०६ | ३२७६३१ | २७२४१८ |
| १.१ | कुल प्रादेशिक राजस्व | १०१३४९ | ९७९९३ | १२११८३ | १४३०३० | १३२१४२ | १३६७६३ |
| १.२ | सङ्घीय सरकारबाट प्राप्त अनुदान | १३५३४७ | १६०६८५ | १५०२५९ | १५७४५५ | १३४४७३ | १०६९२६ |
| १.३ | अन्य स्रोतबाट प्राप्ति | ८८१७ | ७९१८६ | ९६६३० | ५८९२१ | ६१०१६ | २८७२९ |
| २. | प्रादेशिक खर्च | १७०३४१ | २५४०७१ | ३२१०३० | ३००५४७ | ३०२४४२ | २६४३६७ |
| २.१ | चालु खर्च | ६८६१३ | १०६८५८ | १३५९८८ | १२६४६९ | १२५०७६ | १०४१८९ |
| २.२ | पुँजीगत खर्च | १०१७२८ | १४७२१३ | १८५०४२ | १७४०७८ | १७७३६६ | १६०१७८ |
| ३. | सञ्चित कोष बचत/ न्यून | ७५१७२.३५ | ८३७९२.६९ | ४७०४२.१ | ५८८५९.६ | २५१८९.६२ | ८०५१ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१*

लुम्बिनी प्रदेशको विगत ६ वर्षको वार्षिक औषत प्रादेशिक राजस्व र अनुदान रकम करिब रू.३२ अर्ब ९ करोडमा प्रदेशको आन्तरिक राजस्व औषतमा करिब रू.१२ अर्ब २७ करोड, सङ्घीय सरकारबाट प्राप्त अनुदान करिब रू.१४ अर्ब ३२ करोड र अन्य स्रोतबाट प्राप्त रकम करिब रू.५अर्ब ५० करोड रहेको छ।

### (२) प्रमुख समस्या

प्रदेशको खर्च गर्ने क्षमता कमजोर हुनु, बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार नतोकिनु, कार्यान्वयन योग्य र नतिजामूलक कार्यक्रमको सही पहिचान नहुनु, अबण्डा बजेट राख्ने परिपाटी पूर्ण रुपले अन्त्य नहुनु, विनियोजनअनुसार रकम खर्च नगरी रकमान्तर गर्ने प्रवृत्ति बढ्दै जानु, आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने तथा बढी बजेट खर्च गर्ने प्रवृत्ति बढ्दै जानु, दरबन्दीअनुसारको कर्मचारीको पदपूर्ति नहुनु जस्ता मुख्य समस्याहरु रहेका छन् ।

### (३) अवसर र चुनौती

संविधानबमोजिम प्रदेशमा सार्वजनिक खर्च व्यवस्थापनको अधिकार रहनु; प्रदेश सरकारलाई कानुन बनाउने अधिकार हुनु; आवधिक, मध्यमकालीन खर्च संरचना र वार्षिक लगायतका योजना तर्जुमा गरी कार्यान्वय गर्ने अधिकार रहनु; सार्वजनिक खर्च व्यवस्थापनको अधिकार रहनु; प्रदेशअन्तर्गत सार्वजनिक खर्च एकाइहरू रहनु;

वित्तीय अनुशासन कायम गर्ने अधिकार रहनु; खर्च व्यवस्थापनका लागि प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय रहनु जस्ता अवसरहरु प्राप्त छन् ।

सार्वजनिक खर्चको बढ्दो मागलाई व्यवस्थापन गर्नु, विनियोजन कुशलता र खर्च गर्ने दक्षता अभिवृद्धि गर्नु एवम् चालु खर्चलाई वाञ्छित सीमामा राख्नु, पुँजीगत खर्च क्षमता बढाउनु, वित्तीय अनुशासन कायम राख्नु जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रदेशको कुशल वित्तीय व्यवस्थापनः मितव्ययी र पारदर्शी सार्वजनिक खर्च

**(५) लक्ष्यः** सार्वजनिक खर्चलाई प्रभावकारी तथा नतिजामुखी बनाउने ।

**(६) उद्देश्यः** सार्वजनिक खर्च पारदर्शी र मितव्ययी बनाई वित्तीय अनुशासन कायम गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: प्रदेशको सार्वजनिक खर्चलाई नतिजामूलक बनाउने ।**

**कार्यनीतिहरू**

(१) बजेट विनियोजन दक्षता बढाइनेछ ।

(२) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजनाबिच तादात्म्य कायम गरी स्रोतको सुनिश्चिता कायम गरिनेछ।

(३) आर्थिक वर्षको सुरुआतदेखि पुँजीगत खर्च गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ ।

(४) वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ ।

(५) विस्तृत क्रियाकलापसहितको कार्यक्रममा मात्र बजेट विनियोजन गरिनेछ ।

**रणनीति २: सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउने ।**

**कार्यनीतिहरू**

(१) वार्षिक योजना तर्जुमा निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।

(२) बजेट तर्जुमा, कार्यान्वयन र लेखांकन तथा प्रतिवेदन तयार गर्दा आधुनिक सूचना प्रविधिको अवलम्बन गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरिनेछ ।

(३) सार्वजनिक भुक्तानी व्यवस्थालाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित बनाइनेछ ।

(४) बेरुजु फस्यौंटलाई प्रभावकारी बनाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ४.३ सार्वजनिक खर्चसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | वार्षिक बजेटको तुलनामा खर्च अनुपात | प्रतिशत | ७०.६८ | ९० |
| २ | वार्षिक बजेट | रू.अर्ब | ४०.४८ | ६४.०५ |
| ४ | कुल खर्चमा आन्तरिक स्रोतको अनुपात | प्रतिशत | १२.६ | १५ |
| ५ | कुल खर्चमा पुँजीगत खर्चको अनुपात | प्रतिशत | ५८.६० | ७१.६० |
| ६ | कुल खर्चमा चालु खर्चको अनुपात | प्रतिशत | ४१.४० | २८.४० |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१*

## ४.३ निजी क्षेत्र परिचालन

### (१) पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गरी दिगो आर्थिक विकास गर्ने सिद्धान्त अंगिकार गरेको छ । निजी क्षेत्रले अर्थतन्त्रमा खेल्ने महत्वपूर्ण भूमिका र योगदानको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्ने राज्यको नीति रहेको छ। समाजवाद उन्मुख अर्थ व्यवस्थाको विकासका लागि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी आन्तरिक तथा बाह्य स्रोतको उच्चतम परिचालन गर्न निजी क्षेत्रको अग्रणी भूमिका रहेको छ।

बजारमुखी अर्थ व्यवस्था विस्तार र दिगो बनाउन साथै निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न संघ सरकारसँगको समन्वयमा प्रादेशिक नीति, कानुन, प्रशासनिक प्रक्रिया एवम् संरचना निर्माण तथा सुधार गर्न आवश्यक छ। आवधिक योजनाको लक्ष्य प्राप्त गर्न निजी क्षेत्रको प्रवर्धनमार्फत उद्योग, कृषि तथा सेवा क्षेत्रमा लगानी वृद्धि गरी राजस्वमा वृद्धि गर्नु आवश्यक छ। साथै, साँघुरो वित्तीय अवस्थाले पूर्वाधारमा लगानी बढाउन नीतिगत औजारहरू विकास गरी निजी क्षेत्रको लगानी पनि आकर्षण गर्न जरुरी रहेको छ। प्रदेशमा हुने लगानीका अवसरहरूलाई निजी क्षेत्रले उपयोग गरी अर्थतन्त्रमा सक्रिय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### (२) प्रमुख समस्या

कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान न्यून रहनु, प्रतिबद्धता अनुसार लगानी भित्रिन नसक्नु, विद्युत् तथा पूर्वाधार सुविधाको कमी रहनु, निकायगत नियम र सुविधाहरू एक आपसमा बाझिनु, उद्योग प्रतिष्ठानमा विदेशी श्रमिकको प्रयोग बढ्दै जानु, औद्योगिक क्षेत्रहरूको विस्तार हुन नसक्नु, श्रम बजारको माग

अनुरूप दक्ष जनशक्ति उपलब्ध नहुनु, निजी क्षेत्रको तथ्याङ्क एकीकृत नहुनु, जग्गा प्राप्ति र वन क्षेत्रको उपयोग जटिल हुनु, नीतिगत स्थिरता नहुनु, उत्पादन लागत बढी भई प्रतिस्पर्धा गर्न नसक्नु, उत्पादन र बजारबिचको सम्बन्ध बलियो हुन नसक्नु, अन्तरमन्त्रालय तथा विभिन्न तहका सरकारहरूबिच समन्वय नहुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

**(३) अवसर र चुनौती**

प्रदेश सरकारले निजी क्षेत्रलाई आर्थिक विकासको संवाहकको रुपमा पहिचान गर्नु, निजी क्षेत्रमा उद्यमशीलताको विकास हुँदै जानु, निजी क्षेत्रको व्यवस्थापकीय सीप तथा जोखिम लिने क्षमता बढ्दै जानु, वित्तीय संस्थाको विस्तारले ऋणमा पहुँच बढ्नु, पूर्वाधार निर्माणका क्षेत्रमा सार्वजनिक निजी साझेदारीको अवधारणा फष्टाउँदै जानु र सहरीकरण बढ्दै जानु जस्ता अवसरका रूपमा रहेका छन् ।

लगानी अनुकूल प्रदेश कानुन तथा संरचना निर्माण गर्नु, उद्योग प्रतिष्ठान दर्ता र नियमनसम्बन्धी प्रदेश र संघ सरकारको अधिकारबिच कानुनी र नीतिगत अस्पष्टता हटाउनु, प्रदेश सरकारको निजी क्षेत्रसम्बन्धी नीतिमा नीतिगत निरन्तरता कायम गर्नु, अन्तर मन्त्रालय समन्वय गर्नु, निजी क्षेत्रको लगानीलाई प्रतिस्पर्धी बनाउनु, जग्गा प्राप्तिलाई सरलीकृत गर्नु, निर्बाध निर्यातको वातावरण तयार गर्नु र निजी क्षेत्रलाई व्यापारमुखीबाट उत्पादनमुखी बनाउनु जस्ता मुख्य चुनौतीहरु यस क्षेत्रमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** समृद्ध प्रदेशः गतिशील निजी क्षेत्र

**(५) लक्ष्यः** प्रदेश आर्थिक गतिविधिमा निजी क्षेत्रको योगदान बढाउने ।

**(६) उद्देश्य**

(१) निजी क्षेत्र प्रतिस्पर्धी र व्यावसायिक हुने वातावरण सिर्जना गर्नु ।

(२) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु।

(३) सार्वजनिक-निजी साझेदारीमार्फत निजी क्षेत्रको लगानी अभिवृद्धि गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: लगानीमैत्री वातावरण निर्माण गर्ने।**

**कार्यनीतिहरू**

(१) आर्थिक नीति तर्जुमामा निजी क्षेत्रसँग परामर्श गर्ने प्रणालीको स्थापना गरिनेछ।

(२) निजी क्षेत्रमा प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न एकाधिकार एवम् मिलेमतो (सिण्डिकेट एण्ड कार्टेलिंग) र जबर्जस्ती चन्दा असुलीलगायतका सबै किसिमका गैरकानुनी क्रियाकलाप नियन्त्रण गरिनेछ । अनौपचारिक व्यापारलाई प्रविधिको प्रयोग गरी औपचारिक बनाउने पहल गरिनेछ।

(३) प्रदेशको श्रम बजारको आवश्यकता अनुरूप जनशक्तिको उत्पादन गर्ने तथा श्रम नीतिमा सुधार गर्दै जनशक्तिको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ ।

(४) आधुनिक प्रविधि प्रयोग गरी उत्पादन तथा गुणस्तर वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

(५) उद्योग प्रतिष्ठान आफैले आफ्ना लागि आवश्यक जनशक्ति विकास गर्दै रोजगारी प्रदान गर्न सक्ने गरी कार्यस्थलमै तालिम (On the job training) र अभ्यासार्थी/औद्योगिक प्रशिक्षार्थी कामदार राख्ने सहज व्यवस्था मिलाइनेछ।

(६) निजी क्षेत्रलाई सहजीकरण गर्न कानुनी एवम् संस्थागत सुधार गरिनेछ।

(७) सरकारका संरचना तथा जनशक्तिलाई निजी क्षेत्र मैत्री बनाई हरेक मन्त्रालयमा निजी क्षेत्र सहजीकरण डेस्क राखिनेछ।

(८) निजी क्षेत्रलाई सरकारले दिने सबै प्रकारका अनुमति एवम् सहुलियतलगायतका सेवाहरू विद्युतीय माध्यम (Online) बाट उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(९) एकीकृत सेवा प्रवाह प्रणालीको विकास गरिनेछ।

**रणनीति २: गुणस्तरीय औद्योगिक पूर्वाधार निर्माण गरी लगानी आकर्षित गर्ने।**

**कार्यनीतिहरू**

(१) उद्योग व्यवसायका लागि आवश्यक औद्योगिक करिडोरको विकास, पूर्वाधार निर्माण, ऊर्जा उपलब्धता र औद्योगिक सुरक्षाका माध्यमबाट लगानी अनुकूलको वातावरण सिर्जना गरिनेछ ।

(२) निश्चित संख्याभन्दा बढी रोजगारी सिर्जना गर्ने औद्योगिक क्षेत्र तथा औद्योगिक प्रतिष्ठानका लागि पूर्वाधारको विकास र विस्तारमा जोड दिइनेछ।

(३) प्रदेशमा औद्योगिक क्षेत्र तथा औद्योगिक करिडोर निर्माण र विकासमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

**रणनीति ३: निजी क्षेत्रमैत्री बातावरण सिर्जना गर्ने ।**

**कार्यनीतिहरू**

(१) निजी क्षेत्रलाई लगानी अनुकूल हुनेगरी कानुनहरूको तर्जुमा तथा परिमार्जन गरिनेछ।

(२) निजी क्षेत्र आफैले औद्योगिक क्षेत्र विकास गर्न चाहेमा आवश्यक नीतिगत ब्यवस्था गरिनेछ।

(३) प्रदेशमा लगानीका लागि तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभका आयोजनाहरूको अध्ययन गरी सम्भाव्य आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव "सोकेस" (आयोजना बैंक) मा राखिनेछ।

(४) प्रदेशमा लगानी भित्र्याउन लगानी सम्मेलनको आयोजना गरिनेछ।

(५) लगानी सम्मेलनमा पहिचान भएका आयोजनालाई लगानीका लागि प्रोत्साहन गरिनेछ।

(६) निजी क्षेत्रबाट सञ्चालन हुने महत्त्वपूर्ण आयोजनाहरूलाई प्रदेशको पहिचान दिने (Flagship) आयोजनाका रूपमा समावेश गरिनेछ।

(७) तुलनात्मक लाभका आयोजनाहरूमा सार्वजनिक-निजी-साझेदारीमार्फत निजीक्षेत्रको लगानी सहभागिता गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ४.४ निजी क्षेत्र परिचालनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र. सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | नीति, कानुन | संख्या | ६ | १० |
| ३ | निजी लगानी आकर्षित गर्ने सम्भाव्य सूचीमा समावेश आयोजना | संख्या | ० | १० |
| ४ | लगानी सम्मेलन/नीति सम्बाद | संख्या | ० | ३ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१*

## ४.४ सहकार्य, साझेदारी र सहलगानी

### (१) पृष्ठभूमि

प्रदेशको समृद्धि हासिल गर्न गैर सरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले अहम् भूमिका खेलेका छन् । प्रदेश सरकारले तय गरेको लक्ष्य तथा प्राथमिकता हासिल गर्न विभिन्न किसिमका कार्यक्रमहरूः गरिबी न्यूनीकरण, क्षमता विकास, नागरिक सचेतना अभिवृद्धि तथा कर्तव्यबोध र सशक्तीकरण गर्नमा यी क्षेत्रहरुले सामाजिक शक्ति परिचालन गरी सहयोगी भूमिका खेल्छन्। यसर्थ, यस्ता संस्थाहरूले सुशासन अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्न पहरेदारका रूपमा काम गर्ने अपेक्षा गरिएको छ ।

### (२) प्रमुख समस्या

तहगत सरकार, सरकार र निजी क्षेत्र, सहकारी क्षेत्र, समुदाय, विकास साझेदार, गैरसरकारी संघ संस्था बिचको सहकार्य, समन्वय र सहअस्तित्वलाई नेपालको संविधानले अंगिकार गरेको भए तापनि व्यवहारमा प्रभावकारी समन्वय र सहकार्य हुन नसक्नु, प्रदेश सरकार र स्थानीय तहहरूले अन्य निकायसँग हातेमालो गर्न नसक्नु, कार्यक्रमहरूमा दोहोरोपना हुनु जस्ता मुख्य समस्याहरू रहेका छन् ।

### (३) अवसर र चुनौती

संवैधानिक रूपमा विभिन्न साझेदार निकाय तथा सरोकारवालाहरूबिच सहकार्यको नीति हुनु, प्रदेश र स्थानीय तहको योजना प्रक्रियामा सरोकारवालाहरू आबद्ध हुने व्यवस्था हुनु, प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको उपस्थिति उल्लेख्य हुनु, विकास साझेदार संस्था प्रदेशको विकास प्रक्रियामा सहभागी हुन

इच्छुक हुनु लगायतका महत्त्वपूर्ण अवसरहरू यस क्षेत्रमा रहेका छन् । विकास साझेदारसँग प्रभावकारी रूपमा समन्वय गर्नु, प्रदेश र स्थानीय तहको आवश्यकता अनुसार विकास साझेदारको लगानी सुनिश्चित गर्नु, गैरसरकारी संस्थालाई प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारी सहयात्री बनाउनु, निजी क्षेत्रलाई पनि सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक विकासमा सहभागी गराउनु, नागरिक समाजलाई निष्पक्ष विकास पहरेदारको रूपमा रूपान्तरण गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** आर्थिक-सामाजिक विकासः सबै सरोकारवालाहरूको सहभागिता

**(५) लक्ष्यः** प्रदेशको आर्थिक-सामाजिक समृद्धि हासिल गर्न सहलगानी सुनिश्चित गर्ने ।

**(६) उद्देश्यः** प्रदेशको विकास निर्माणमा सबै सरोकारवालाहरूको सहभागिता विस्तार गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: सार्वजनिक, सहकारी, गैर सरकारी संस्था, समुदाय तथा निजी क्षेत्र (व्यवसायीको सामाजिक उत्तरदायित्वअन्तर्गत) साझेदारीका लागि नीतिगत व्यवस्था गर्ने ।**

**कार्यनीतिहरू**

(१) सार्वजनिक, सहकारी, निजी क्षेत्र, गैर सरकारी संस्था तथा समुदाय साझेदारीसम्बन्धी प्रादेशिक नीति तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

(२) सार्वजनिक, सहकारी, निजी क्षेत्र, गैर सरकारी संस्था तथा समुदाय साझेदारीमा सञ्चालन हुने आयोजनाको वर्गीकरण र मापदण्ड तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(३) सार्वजनिक, सहकारी, निजी क्षेत्र, गैर सरकारी संस्था तथा समुदाय साझेदारीमा लगानीको सुरक्षा र उचित प्रतिफलको सुनिश्चित गर्न कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

(४) नीति अध्येता र अनुसन्धानकर्ताहरूसँग सार्वजनिक सेवाका क्षेत्रमा तथ्यमा आधारित नीति तर्जुमा एवम् अध्ययन अनुसन्धानको लागि सहकार्य गरिनेछ ।

**रणनीति २: सार्वजनिक निजी साझेदारी प्रवर्धन गर्ने ।**

**कार्यनीतिहरू**

(१) सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रादेशिक नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

(२) सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्रको विकास गरिनेछ ।

(३) आर्थिक, भौतिक पूर्वाधार तथा सूचना प्रविधिको विकासका लागि आवश्यक आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी आयोजना बैंक स्थापना र आयोजनाहरूमा सार्वजनिक निजी साझेदारी अभिवृद्धि गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारी अवधारणा मार्फत निजी क्षेत्रलाई वित्तीय तथा अन्य प्रोत्साहन उपलब्ध गराइनेछ।

**रणनीति ३: विकासका साझेदार संस्थाहरूसँग लगानीमा साझेदारी गर्ने ।**

**कार्यनीतिहरू**

(१) विभिन्न साझेदारहरूबिच प्रदेश विकासका क्षेत्रमा सहकार्य गरिनेछ ।

(२) प्रतिस्पर्धात्मक क्षमताका आधारमा कार्यक्रमको पहिचान गरी उपयुक्त संस्थामार्फत कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

(३) सरकारको प्राथमिकतामा रहेका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन गैर सरकारी संस्थालाई जनचेतनामूलक र क्षमता विकासका कार्यमा परिचालन गर्ने नीति लिइनेछ ।

(४) सामुदायिक संस्था तथा सहकारी संस्थाहरूलाई लगानीमा साझेदारी गर्न प्रोत्साहित गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ४.५ सहकार्य, साझेदारी र सहलगानीसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | साझेदारीसम्बन्धी प्रादेशिक नीति, कानुन, कार्यविधि तर्जुमा | संख्या | ३ | ७ |
| २ | साझेदारीमा सञ्चालित आयोजनाको कुल लागतमा निजी क्षेत्रको लगानी अनुपात | प्रतिशत | ५९ | ६४ |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१*

# परिच्छेद पाँचः आर्थिक क्षेत्र

## ५.१ कृषि तथा भूमि व्यवस्था

## ५.१.१ कृषि, पशुपन्छी र मत्स्य

### (क) कृषि

#### (१) पृष्ठभूमि

नेपालको संविधानमा कृषि क्षेत्र प्रदेशको एकल तथा साझा अधिकारको सूचीमा रहेको छ । जनताको खाद्यसम्बन्धी अधिकारलाई संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । साथै, कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रको रूपमा कृषि विकास रणनीति २०१५, दिगो विकास लक्ष्य २०३०, लुम्बिनी प्रदेशको कृषि विकास रणनीति २०८१ (२०८१/८२-२०९५/९६) कार्यन्वयनमा रहेका छन्।

प्रदेशमा करिब दुई तिहाइ जनसंख्याको जीविकोपार्जनको प्रमुख माध्यम कृषि रहेको छ । यस प्रदेशमा कुल क्षेत्रफलको २९ प्रतिशत जमिन खेतीयोग्य रहेको छ । प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये ८२.२ प्रतिशतमा खेती भइरहेको छ । कृषि क्षेत्रले प्रदेशको आन्तरिक कुल गार्हस्थ्य उत्पादनमा २९.६ प्रतिशत योगदान पुऱ्याएको छ । वि. स. २०७८ सालको जनगणनानुसार कृषि पेसामा संलग्न जनसंख्या ५७.४ प्रतिशत रहेको छ । उच्च र दिगो आर्थिक वृद्धिमा योगदान पुऱ्याउने क्षेत्र भएको कारण कृषिको व्यवसायीकरण र आधुनिकीकरण गर्न गरिएका प्रयासहरूलाई थप सघन बनाई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जरूरी छ।

प्रदेशको ८७.७ प्रतिशत क्षेत्रफल ओगटेका तराई, भित्री मधेश र मध्य-पहाड खाद्यान्न, दलहन तथा तेलहन, तरकारी, फलफूल, दुध, मासु र माछा उत्पादनका लागि उपयुक्त रहेका छन् । त्यसैगरी, पहाडी तथा हिमाली जिल्लाहरू तरकारी, फलफूल तथा काष्ठफलका लागि उपयुक्त रहेका छन् । कफी, कपास र उखु प्रदेशका मुख्य नगदे बाली हुन् भने मौरी पालन पनि सम्भावनाको क्षेत्र रहेको छ ।

#### (२) प्रमुख समस्या

खेतीयोग्य जमिन बाँझो हुनु; रासायनिक मल र विषादी एवम् अन्य रसायनहरुको अविवेकपूर्ण प्रयोग बढ्नु; ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतिर बसाइँसराइ तीव्र हुनु; युवा जनशक्ति कृषि पेसामा आकर्षित नहुनु; कृषि उपजको उचित बजार र मूल्य अनुमानयोग्य नहुनु; खाद्यवस्तुको अनौपचारिक रुपमा आयात हुनु; रणनीतिक कृषि पूर्वाधारहरू पर्याप्त नहुनु; प्राविधिक जनशक्ति र सेवा प्रवाहको उचित व्यवस्थापन नहुनु; भू-खण्डीकरणले व्यवसायिक खेतीको लागि जमिनको उपलब्धता नहुनु; कृषि उत्पादन सामग्री (मल, बीउविजन र कृषि रसायन) आवश्यक परिमाण तथा गुणस्तरमा उपलब्ध नहुनु; कृषि प्रयोगशालाहरूको स्तरोन्नति/आधुनिकीकरण नहुनु; खाद्य स्वच्छता; खाद्य पदार्थमा पौष्टिक तत्त्वको स्रोत र उचित उपयोगबारे चेतना र ज्ञानको कमी हुनु; खाद्यवस्तुको गुणस्तर, प्रमाणीकरण र नियमन कमजोर हुनु; माटोमा रहेको उर्वराशक्ति ह्रास हुदैं जानु; जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा पर्न गएको असरबारे जनचेतनाको कमी हुनु कृषि क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### (३) अवसर र चुनौती

प्रदेशमा पाँच भागमा चार भाग भन्दा बढी कृषियोग्य भूमिको उपयोग हुनु; भौगोलिक अवस्थिति, हावापानी र जैविक विविधता एवम् उपलब्ध स्रोतसाधनको विशिष्टता हुनु; खाद्यान्न, फलफूल तथा नगदे बालीको पर्याप्त उत्पादन हुने सम्भावना रहनु; कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति लिइनु; कृषि तीनै तहका सरकारको प्राथमिकतामा रहुनु; कृषिसम्बन्धी सांगठनिक संरचना स्थानीयतहसम्म पुग्नु; कृषि बजार सडक सञ्जालसँग जोडिनु; पुँजी, ज्ञान र सीपसहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गर्ने अनुकुल नीतिहरू बन्नु; कृषि सम्बद्ध विभिन्न सरकारी तथा गैर-सरकारी संघसंस्थामार्फत परियोजनाहरू सञ्चालनमा रहनु; स्मार्ट कृषि गाँउ कार्यक्रम सन्चालनमा हुनु; खानपानको चेतना तथा व्यवहारमा भएको परिवर्तनले तरकारी, फलफूल तथा पशुजन्य उत्पादनको माग बढ्नु; हिमाली एवम् पहाडी क्षेत्रमा प्राङ्गारिक कृषि उत्पादनको उच्च सम्भावना हुनु; प्राङ्गारिक कृषि उत्पादन र उपभोगप्रति सचेतना बढ्दै जानु साथै खाद्य स्वच्छताबारे जनसाधारणमा चासो बढ्दै जानु जस्ता अवसरहरु रहेका छन् ।

कृषि पेशालाई आधुनिकीकरण र व्यावसायीकरण गर्नु; कृषि उपजलाई मूल्य शृंखलामा आबद्ध गर्नु; कृषि पूर्वाधारको विकास गर्नु; कृषि बिमाको व्यवस्था गर्नु; राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा माग भएका उच्च मूल्यका कृषि उपजहरूको ब्रान्डिङ, प्याकेजिङ र बजारीकरण गर्नु; कृषिजन्य उत्पादनको उत्पादकत्व बढाउनु; जलवायु परिवर्तनका असर कम गर्न जलवायु उत्थानशील तथा वातावरणमैत्री कृषि प्रणालीको विकास गर्नु; युवाहरूलाई कृषि पेसामा आकर्षित गर्नु; कृषि मजदुरको भूमिमा स्वामित्व स्थापित गर्नु; अनुसन्धानबाट विकास भएका प्रविधिको प्रयोग र विस्तार गर्नु; जग्गाको खण्डीकरण रोक्नु; बाँझो जग्गालाई उत्पादनशील कार्यमा प्रयोग गर्नु; प्राङ्गारिक कृषि एवम् रैथाने बालीको बिस्तार गर्नु र कृषि उत्पादन लागत कम गर्नु जस्ता चुनौतीहरु यस क्षेत्रमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रकृतिमैत्री प्राङ्गारिक व्यवसायिक कृषि: स्वस्थकर खाद्यमा आत्मनिर्भरता

**(५) लक्ष्यः** स्वच्छ, स्वस्थकर र पोषणयुक्त कृषिजन्य उत्पादनलाई लुम्बिनी प्रदेशको पहिचानको रुपमा स्थापित गर्ने ।

### (६) उद्देश्य

(१) प्रदेशमा प्राङ्गारिक कृषिलाई प्रवर्धन गर्दै लैजानु ।
(२) कृषिमा आधुनिकीकरण, औद्योगीकरण र बजारीकरणमार्फत व्यवसायिक कृषिको प्रवर्धन गर्नु ।
(३) कृषि पूर्वाधार, जनशक्ति र प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

### (७) रणनीति र कार्यनीति

**रणनीति १ः कृषि प्रणालीलाई प्राङ्गारिक बनाउन अभियानको रुपमा कार्यक्रमहरु सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

(१) नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था गरी प्रदेशमा प्राङ्गारिक कृषि उत्पादन क्षेत्रहरु विकास गर्न आधार तयार गरिनेछ ।

(२) प्रदेशमा क्रमशः प्राङ्गारिक कृषिलाई पुनर्स्थापित गर्न **'लुम्बिनी प्राङ्गारिक कृषि दशक'** घोषणा गर्दै प्राङ्गारिक कृषि अभियान सञ्चालन गरिनेछ । यसका लागि प्राङ्गारिक, प्राकृतिक, जैविक, पर्यावरणीय, संरक्षित कृषि प्रणाली प्रवर्धन गरिनेछ ।

(३) प्राङ्गरिक बालीवस्तु उत्पादन गर्दा रोगकिरा लगायत अन्य विकृति देखिएमा समाधानका लागि आवश्यक प्राङ्गारिक प्रमाणित विकल्पहरुको विकास गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

(४) प्राङ्गारिक खेती प्रणालीका विषयमा प्रदेश तथा स्थानीय तहमा कार्यरत कृषि जनशक्ति, किसानहरु लगायत अन्य सरोकारवालाहरुलाई कार्यस्थलमै तालिम र प्रशिक्षण उपलब्ध गराइनेछ ।

(५) स्थानीय तहका साथै वन उपभोक्ता समूह, वन कार्यालय, निजी क्षेत्र, संघसंस्था लगायत सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा घरायसी जैविक फोहोर, जंगली पतझर लगायतका जैविक बस्तुहरुको प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

(६) प्राङ्गारिक खेती तथा उत्पादनको महत्वका बारेमा जनचेतना अभिवृद्धि गर्दै कृषि प्राविधिक, कृषक तथा अन्य सरोकारवालाहरुको क्षमता विकास गरिनेछ।

(७) खाद्य सुरक्षा तथा पोषणमा महत्वपूर्ण योगदान गर्ने रैथाने बालीवस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि, संकलन, प्रशोधन तथा बजारीकरण र उपभोगका साथै रैथाने बीउबिजन उत्पादन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

(८) कृषक, कृषक समूह, कृषि सहकारी, निजी क्षेत्र, संघसंस्था एवम् अन्य सरोकारवालाहरुसंगको सहकार्य र समन्वयमा घरपरिवार, टोल, गाउँ, वडा, स्थानीय तह र जिल्लालाई क्रमशः प्राङ्गारिक क्षेत्र घोषणा गर्न प्रोत्साहन गरिनेछ। यस्ता क्षेत्रमा प्राङ्गारिक कृषि प्रणाली अवलम्वन गर्न कृषि सडक, सिंचाइ, ऊर्जा लगायतका पूर्वाधार विकास गर्न आवश्यक ब्यवस्था मिलाइनेछ ।

(९) लुम्बिनी प्राविधिक विश्वविद्यालयसंगको समन्वयमा प्राङ्गारिक कृषि विषयमा अध्ययन अध्यापन गर्ने गराउने ब्यवस्था मिलाउनुका साथै कृषि अध्ययन गराइने माध्यमिक तहमा यस विषयलाई समावेश गर्न स्थानीय तहसंग समन्वय गरिनेछ ।

(१०) प्रदेश प्राङ्गारिक कृषि मापदण्ड अवलम्बन गरी प्राङ्गारिक खेती गर्ने कृषक, कृषक समुह, कृषि सहकारी संस्था, कृषि फर्म तथा अन्य संघसंस्थालाई विशेष प्रोत्साहन गरिनेछ ।

(११) प्राङ्गारिक कृषि उपजको बजारीकरण गर्न कृषि हाट बजार र कृषि थोक बजारमा छुट्टै कृषि विक्री कक्षको व्यवस्था गरिनेछ ।

(१२) अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी प्राङ्गारिक उत्पादनको प्रमाणीकरण गर्न आवश्यक प्रयोगशाला र प्रमाणीकरण केन्द्र स्थापना गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ । साथै, प्रमाणीकरणका लागि सहुलियत उपलब्ध गराइनेछ ।

(१३) प्रमाणित प्राङ्गारिक कृषि उपजको संकलन, प्रशोधन, प्याकेजिङ्सहित प्रदेशको छुट्टै पहिचानयुक्त चिन्ह (अर्गानिक लोगो) बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण गर्न प्रवर्धन गरिनेछ।

(१४) स्थानीय तहसँगको समन्वयमा अप्राङ्गारिक कृषि उपजलाई नियमन गर्दै बजारमा स्थानीय प्राङ्गारिक उत्पादन सहजताका साथ बिक्रीवितरण हुने व्यवस्थाका लागि प्रोत्साहन गरिनेछ ।

(१५) स्थानीय तहसंगको समन्वय र सहकार्यमा प्राङ्गारिक उत्पादनका लागि आवश्यक पर्ने मलको प्रबन्ध गर्न स्थानीय जातको गाई, बाख्रा, भैसीलगायतका जनावर पाल्न प्रोत्साहन गरिनेछ ।

(१६) घरपरिवार तथा विद्यालयहरुमा प्राङ्गारिक तरकारी, फलफूल एवम् अन्य कृषि उत्पादनका लागि करेसाबारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

(१७) रासायनिक मलमा राज्यले अनुदान प्रदान गरिरहेको सन्दर्भमा प्रदेशभित्र रासायनिक मलको प्रयोग घटाउँदा बचत हुने बराबरको रकम अनुदानको रुपमा प्राप्त गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ ।

**रणनीति २: कृषियोग्य जमिनको अधिकतम तथा प्रभावकारी उपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नका लागि आवश्यक नीति तर्जुमा गरिनेछ ।

(२) भू-उपयोग नीतिबमोजिम कृषि भूमिको संरक्षण गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।

(३) खेतीयोग्य भूमिको दिगो व्यवस्थापन र उपयोग गर्न जग्गा बाँझो राख्न नदिने नीति अवलम्बनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

(४) कृषि अनुसन्धानबाट विकास भएका नविनतम प्रविधिको प्रयोग र विस्तार गरिनेछ ।

(५) माटो र मौसमअनुसारका खेती प्रवर्धन गर्न स्थानीय तह, कृषक र सरोकारवाला संघसंस्थासँग समन्वय गरिनेछ ।

(६) बाली वस्तुको विविधीकरण गर्न प्री-सिजन तथा प्रोटेक्टेड तरकारी, पुष्प खेती, मह, च्याउ र खसी बोका उत्पादन लगायत विभिन्न स्टार्टअप तथा नवप्रवर्तन लक्षित इन्कुवेटर प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(७) स्थानीय तहसँगको सहकार्यमा जलवायु अनुकूलन विशेष कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३: कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।**

**कार्यनीतिहरू**

(१) कृषकको पहिचान र वर्गीकरणसहितको कृषक परिचयपत्र वितरण गरिनेछ ।

(२) कृषकहरूको क्षमता अभिवृद्धि गर्न कृषक समूह र स्थानीय तहसँग समन्वय गरिनेछ ।

(३) गुणस्तरीय कृषि उत्पादन सामग्री (मल, बीउ, विषादी, मेसिनरी औजार) र प्राविधिक सहयोग समयमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(४) उत्पादक तथा उद्यमीहरूको कृषि उपज पोष्टहार्भेष्ट सुरक्षा तथा भण्डारण क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याइनेछ ।

(५) कृषि अनुदान प्रक्रियालाई परिष्कृत गरी अनुदानको महत्तम उपयोग गरिनेछ ।

(६) कृषकको लगानी जोखिम न्यूनीकरणका लागि कृषि बीमा कार्यक्रम लागु तथा पशु बीमा कार्यक्रमलाई व्यापक एवम् प्रभावकारी बनाइनेछ ।

(७) प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण सिर्जित विपद्बाट प्रभावित हुने कृषकहरूको व्यवसायलाई पुनर्स्थापना गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

(८) उत्पादन लागत कम गरी बजार मूल्यसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गरिनेछ ।

(९) उच्च मूल्यका नगदे बाली उत्पादन हुने गाउँलाई **स्मार्ट कृषि गाउँ**को रूपमा विकास तथा विस्तार गरिनेछ ।

**रणनीति ४: कृषिलाई आधुनिकीकरण, औद्योगिकीकरण र व्यवसायीकरण गर्ने।**

**कार्यनीतिहरू**

(१) व्यावसायिक कृषि प्रवर्धन गर्न सम्भाव्य कृषि उपज पहिचान गरी मूल्य शृंखला विकास, प्रवर्धन र सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सम्भाव्य सडक करिडोरहरूमा उच्च मूल्यका तुलनात्मक रुपमा बढी लाभ दिने कृषि वस्तुको पहिचान गरी पकेट, ब्लक र जोनमा वर्गीकरणमार्फत उत्पादन, ब्रान्डिङ र बजारीकरणमा सहयोग गरिनेछ ।

(३) व्यावसायिक कृषि फर्महरू खोल्न र संस्थागत करार खेती गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरी थप रोजगारी सिर्जना हुने वातावरण बनाइनेछ ।

(४) प्राथमिकतामा परेका निर्यातमूलक बाली तथा वस्तुको समर्थन मूल्य तोकी सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबाट उचित मूल्यमा खरिद गर्ने व्यवस्था गरिनेछ ।

(५) सहुलियतपूर्ण कृषि कर्जा प्रवाहमा सरलीकरण गरी कृषकको पहुँच अभिवृद्धि गरिनेछ।

(६) कृषि शिक्षाको पहुँचमा अभिवृद्धि गर्दै व्यावसायिक कृषि उत्पादनका क्षेत्रहरूमा गुणस्तरीय कृषि प्राविधिक सेवा प्रदान गरिनेछ।

(७) विदेशबाट फर्केका कृषि पेशामा लाग्ने युवाहरूलाई व्यावसायिक खेती गर्न आवश्यक तालिम, पुँजी, प्रविधी र जमिनको उपलब्धतामा सहयोग गरिनेछ।

(८) सघन बाली र बाली विविधीकरणलाई प्रोत्साहन गरिनेछ ।

(९) कृषि बजार सूचना प्रणालीको विकास तथा सरोकारवालाको बजार सूचनामा पहुँच वृद्धि गरिनेछ।

(१०) उत्पादन, प्रशोधन तथा मूल्य अभिवृद्धिमा निजी तथा सहकारी क्षेत्रका लगानी प्रवर्धन गर्न समन्वय तथा सहकार्य गरिनेछ ।

(११) उच्च मूल्यका फलफूल, कफी, अदुवा, बेसार, पुष्प, अम्रिसो, रेशम, बास्नादार चामल, खाद्यान्न तथा तरकारीको बीउ आदिको ब्रण्डिङ तथा प्याकेजिङ गरी बजारीकरण गर्न सहजीकरण गरिनेछ।

(१२) स्थान विशेष बाली तथा जातको लागि गुणस्तरीय र प्रमाणीकरण भएको उन्नत बीउ सुनिश्चित गरिनेछ।

(१३) समूह र सहकारीमार्फत खेतीयोग्य जग्गा चक्लाबन्दी गरी व्यावसायिक कृषिलाई प्रोत्साहन गरिनेछ ।

(१४) रेशम खेतीको प्रवर्धन तथा प्रोत्साहन गरिनेछ ।

**रणनीति ५: कृषि पूर्वाधार विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) कृषि बजार संरचनाहरूको निर्माण, विस्तार तथा मर्मत सम्भार गरिनेछ ।

प्राकृतिक प्रकोप र द्वन्द्व आदिका कारणले बाध्यकारी बसाइँसराइ व्यवस्थित गर्नु; पहाडी जिल्लाबाट तराईका जिल्लामा भइरहेको बसाइँसराइ व्यवस्थित गर्नु; बसाइँसराइबाट हुने सामाजिक, आर्थिक, सांस्कृतिक क्षति न्यूनीकरण गर्नु; जनसंख्याको तीव्र वृद्धि भएका तराईका जिल्लामा व्यवस्थित बस्ती विकास गर्नु तथा सुविधा पुऱ्याउनु; छरिएर रहेका ग्रामीण बस्तीहरूमा पूर्वाधार पुऱ्याउनु; उच्च मातृ, शिशु एवम् बाल मृत्यु दर घटाउनु; बालबालिकाहरु एवम् किशोरकिशोरीहरुको पोषणमा सुधार गर्नु; जनसंख्या व्यवस्थापनसम्बन्धी सामाजिक सचेतना वृद्धि गर्नु; लैङ्गिक अनुपातमा देखिएको असन्तुलन व्यवस्थापन गर्नु र बाह्य बसाइँसराइ गर्न चाहने वा पलायन हुन चाहने शिक्षित युवा वर्गलाई देशभित्रै राख्नु लगायतका प्रमुख चुनौतीहरू रहेका छन् ।

(४) **दीर्घकालीन सोचः** जनसंख्याको सन्तुलित वितरण; सुव्यवस्थित बसोबास र उचित आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

(५) **लक्ष्यः** पूर्वाधार, सेवा र अवसरमा सन्तुलन कायम गरी जनसंख्या व्यवस्थापन गर्ने ।

(६) **उद्देश्यः** पूर्वाधारको सन्तुलित विकास, सहज सेवा प्रवाह, सचेतना अभिवृद्धि र रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्दै बसाइँसराइ तथा जनसांख्यिक व्यवस्थापन गरी प्रदेशमा समृद्धि हासिल गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: स्थानीयस्तरमै पूर्वाधार विकास गरी बसाइँसराइ व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) दुर्गम तथा ग्रामीण क्षेत्रमा यातायात, खानेपानी, विद्युत्, सञ्चार, स्वास्थ्य, शिक्षा, बैंक तथा वित्तीयलगायतका सेवा विस्तार गरी स्थानीयस्तरमै आधारभूत पूर्वाधार सुविधा पुर्‍याइनेछ ।

(२) एकीकृत तथा व्यवस्थित बस्ती र ग्रामीण तथा पहाडी क्षेत्रमा ससाना बजारको विकास गरी बस्तीको नजिक सेवा सुविधा पुर्‍याइनेछ ।

(३) ग्रामीण पर्यटन, पर्यापर्यटन, प्राकृतिक पर्यटन, सांस्कृतिक पर्यटन जस्ता पर्यटनको प्रवर्धन गरी स्थानीय आर्थिक क्रियाकलापको विस्तार गर्दै रोजगारी र स्वरोजगारीको अवसर वृद्धि गरिनेछ ।

(४) बसाइँसराइ तीव्र भएका गन्तव्य क्षेत्रमा पूर्वाधार विकास गरी जनसंख्या व्यवस्थापन गरिनेछ ।

**रणनीति २: स्थानीयस्तरमै आर्थिक अवसर सिर्जना गरी बसाइँसराइ व्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरू**

(१) स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारीको अवसर सिर्जना गरी मानिसहरूलाई उद्‌गमस्थानमा नै बसोबास गर्न अनुकूलता सिर्जना गरिनेछ ।

(२) बाँझो जमिनलाई भूमि बैंकको अवधारणाबमोजिम उपयोग गर्ने व्यवस्था मिलाउन स्थानीय सरकारलाई सहजीकरण गरिनेछ ।

(३) गाउँमा उत्पादनका क्रियाकलापमा संलग्न हुने वा बाँझो जमिनमा खेती गर्ने व्यक्ति तथा परिवारलाई प्रोत्साहन प्रदान गरिनेछ ।

(४) ग्रामीण उत्पादनलाई बजारसँग आबद्ध गर्न र उत्पादनको न्यूनतम समर्थन मूल्य सुनिश्चित हुने अवस्था निर्माण गर्न स्थानीय तहसँग सहकार्य र सहजीकरण गरिनेछ ।

(५) खासगरी जनसंख्या ऋणात्मक भएका जिल्लाहरूमा आम्दानी उच्च हुने खेती बाली, उद्यम व्यवसायबारे अध्ययन गरी सो कार्यमा संलग्न हुन चाहने व्यक्तिलाई प्रोत्साहन प्रदान गरिनेछ ।

(६) बाँझो रहेका जग्गालाई एकीकृत गरी कृषि, फलफूल, पशुपालन, माछापालन जस्ता निजी व्यावसायिक फर्मको विकास गर्न प्रोत्साहन गरिनेछ ।

(७) उच्च मूल्यका उत्पादन एवम् मूल्य शृंखलाका माध्यमबाट रोजगारीका अवसर सिर्जना गरी खासगरी पहाडी तथा ग्रामीण क्षेत्रबाट भएको तीव्र बसाइँसराइको प्रवृत्तिलाई निरुत्साहन गर्ने वातावरण सिर्जना गरिनेछ ।

**रणनीति ३: उद्‌गमस्थल वरपर सुरक्षित र सुविधायुक्त बस्ती विकास गरी बसाइँसराइको प्रवाह कम गर्ने ।**

**कार्यनीतिहरू**

(१) उच्च बसाइँसराइ रहेका पहाडी भूभागहरूमा साना सहर, बजार वा आर्थिक केन्द्रहरूको सम्भाव्यता अध्ययन गरी पूर्वाधारहरूको विकास गर्न आर्थिक लगानी गरिनेछ ।

(२) आर्थिक तथा प्राकृतिक कारणले हुने बसाइँसराइलाई कम जनघनत्व भएको निकटस्थ सुरक्षित स्थानमा साना बस्ती तथा नयाँ सहरहरूतर्फ मोड्ने गरी (Redirect) कार्यक्रम ल्याइनेछ ।

(३) नकारात्मक जनसंख्या वृद्धि भएका क्षेत्रबाट बसाइँ सरेका परिवारलाई पूर्वाधार, अवसर, सेवा सुविधा प्रदान गरी उद्‌गमस्थलमा नै बसाइँसराइ फिर्ता हुन प्रोत्साहन गरिनेछ ।

(४) बसाइँसराइसम्बन्धी अभिलेख तथा सूचना प्रणाली व्यवस्थित गरी तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति ४: जनसंख्या योजना कार्यक्रम कार्यान्वयन गर्न समन्वय तथा सहकार्य गर्ने ।**

**कार्यनीतिहरू**

(१) जनसंख्या व्यवस्थापनका लागि सार्वजनिक, निजी, सहकारी एवम् गैरसरकारी क्षेत्रबाट एकीकृत प्रयास गर्न समन्वय गरिनेछ ।

(२) सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सूचना तथा परामर्श र उपचार सेवा गुणस्तरीय रूपमा प्रदान गरिनेछ ।

(३) परिवार नियोजन सेवालाई उपभोक्ताको आवश्यकता अनुसार उपलब्ध हुने व्यवस्था गरिनेछ ।

(४) गैरकानुनी रूपमा लिङ्ग पहिचानपछि गरिने गर्भपतनलाई पूर्ण रूपमा नियन्त्रण र कारबाही गरिनेछ।

(५) मातृ तथा नवजात शिशुको पोषण स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रमलाई प्राथमिकता दिई स्थानीय तह, विकास साझेदार तथा अन्य सरोकारवाला निकायबिच समन्वयात्मक रूपमा सहकार्य गरिनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका १०.५ जनसंख्या व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | जनसंख्या वृद्धि दर | प्रतिशत | १.२४ | १.५१ |
| २ | कुल प्रजनन दर (प्रतिमहिला जीवित जन्म हुने बच्चा) | प्रतिशत | १.९३ | २.१ |
| ३ | खुद बसाइँसराइ दर | प्रतिलाख | (११३१) | (६००) |
| ५ | नकारात्मक जनसंख्या वृद्धि भएका स्थानीय तहको संख्या | संख्या | ३१ | २० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८ र स्वास्थ्य मन्त्रालय, २०८१*

# परिच्छेद एघारः योजना, अनुगमन तथा मूल्याङ्कन क्षेत्र

## ११.१ योजना तर्जुमा तथा कार्यान्वयन

### (१) पृष्ठभूमि

सीमित स्रोत र साधनलाई उच्चतम उपयोग गरी राष्ट्रको विकास र समृद्धि हासिल गर्न योजनाबद्ध विकास प्रयास भएको छ । नेपालले वि.सं. २०१३ देखि योजनाबद्ध विकास प्रयास गर्दै आएको छ। लुम्बिनी प्रदेशले पनि प्रदेश सरकारको पहिलो कार्यकालदेखि नै योजनाबद्ध विकासको अभ्यास आरम्भ गरेको छ । संविधानले प्रदेशलाई आफ्नो अधिकारभित्रका विषय क्षेत्रमा वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । यसैअनुसार, प्रदेश सरकारले आवधिक विकास योजना तथा रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने गरेका छन् । प्रदेश सरकारबाट मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम, विनियोजन ऐन, आर्थिक ऐनको तर्जूमा एवम् कार्यान्वयन हुने संबैधानिक एवम् कानुनी व्यवस्था रहेको छ ।

योजना तर्जुमा तथा कार्यान्वयनका लागि सङ्घीय र प्रादेशिक कानुनहरूले समेत मार्गनिर्देश गरेका छन् । सोही अनुसार यस प्रदेशले पहिलो आवधिक योजनाको कार्यान्वयन सम्पन्न गरी दोस्रो आवधिक योजना तर्जुमा गरेको छ । त्यसैगरी, प्रदेश सरकारले केही विषयगत गुरुयोजना र रणनीतिक योजना तयार गरेको छ । विकास आयोजनालाई व्यवस्थित गर्न र स्रोतको उचित परिचालन एवम् उपयोग गर्नका लागि प्रदेश आयोजना बैङ्क स्थापनाको तयारी गरिएको छ ।

प्रदेशको आर्थिक सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने आयोजनालाई प्रदेश गौरवका आयोजनाको रूपमा पहिचान गरी कार्यान्वयन गर्न प्रदेश गौरवका आयोजना निर्धारणसम्बन्धी मापदण्ड लागु गरिएको छ । उक्त मापदण्डअनुसार प्रदेशमा रामपुर-जिनावाङ (कपुरकोट) सडक, प्रादेशिक प्राविधिक विश्वविद्यालय, लुम्बिनी प्रादेशिक अस्पताल निर्माण र प्रदेश राजधानी प्रशासनिक भवन गरी चारवटा आयोजनाहरू कार्यान्वयनमा रहेका छन् ।

### (२) प्रमुख समस्या

तल्लो तहसम्म योजना तर्जुमा प्रणाली पुग्न नसक्नु; आयोजनाको विकास चरणहरु पार नगरी कार्यान्वयनमा लगिनु; स-साना, टुक्रे तथा छरिएका योजनामा बजेट विनियोजन हुँदा ठूला तथा आर्थिक र सामाजिक रुपान्तरणकारी आयोजनाका लागि स्रोतको न्यूनता हुनु; बजेट तथा कार्यक्रमको कार्यान्वयन योजना अनुरूप हुन नसक्नु; सार्वजनिक खरिद योजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु; पुँजीगत खर्च कमजोर रहनु; भरपर्दो तथ्याङ्क र सूचना प्रणालीको अभाव हुनु; कार्यक्रम र प्राथमिकतामा परिवर्तन भइरहँदा अपेक्षित नतिजा हासिल गर्न कठिनाई हुनु; आयोजना कार्यान्वयनका लागि संगठनात्मक जनशक्ति पर्याप्त नहुनु; गुणस्तरीय

अनुगमन तथा मूल्याङ्कनको अभाव हुनु साथै सोबाट प्राप्त पृष्ठपोषण एवम् सुझाव कार्यान्वयनमा उदासीनता देखिनु यस क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

विषयगत नीति, कानुन, दीर्घकालीन योजनाहरू तर्जुमा भई कार्यान्वयनमा रहनु; राष्ट्रिय योजना आयोगबाट संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने आयोजनाहरूको स्पष्ट वर्गीकरण गरी कार्यक्षेत्र प्रष्ट पारिनु; विकास साझेदारहरूको सहयोगको तत्परता बढ्दै जानु; प्रदेश गौरवका आयोजनाको पहिचान हुनु; प्रदेश निजामति सेवाको स्थापना भई जनशक्ति पदपूर्तिको प्रक्रिया आरम्भ हुनु; प्रदेश योजना आयोग स्थापना हुनुका साथै सबै मन्त्रालयहरूमा योजना तथा अनुगमनसम्बन्धी संस्थागत व्यवस्था रहनु; प्रदेश र स्थानीय तहबिच समन्वय गर्न प्रदेश समन्वय परिषद्को व्यवस्था हुनु जस्ता कार्यहरुबाट योजना निर्माण एवम् कार्यान्वयनका लागि अवसर प्राप्त भएको छ ।

आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटका बिच तादात्म्यता कायम गर्नु; परियोजना तर्जुमा चक्र पार गरेका आयोजना मात्र कार्यान्वयनमा लैजानु; विनियोजन दक्षता कायम गर्नु; कार्यक्रमको प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गर्नु; प्रदेशको कार्यजिम्मेवारीका विषय तथा क्षेत्रमा रही आयोजना तथा कार्यक्रम छनोट गर्नु; आयोजनाको पूर्वनिर्धारित लागत, समय र गुणस्तरमा आयोजना कार्यान्वयन गर्नु; आयोजनाका लागि स्रोत व्यवस्थापन गर्नु; पुँजीगत खर्च क्षमता बढाउनु जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रदेशको समृद्धिः योजनाबद्ध सन्तुलित विकास

**(५) लक्ष्यः** स्पष्ट र पूर्वानुमानयोग्य नीति तथा योजना तर्जुमा प्रणाली संस्थागत गर्ने ।

**(६) उद्देश्यः** तथ्यमा आधारित, कार्यान्वयनयोग्य एवम् नतिजामुखी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्नु।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: प्रदेशमा योजनाबद्ध विकासलाई संस्थागत गर्ने ।**

**कार्यनीतिहरू**

(१) तथ्यमा आधारित योजना तर्जुमा गरिनेछ ।

(२) मध्यमकालीन खर्च संरचना र वार्षिक योजनामार्फत प्रदेश आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(३) वार्षिक योजना तर्जुमा निर्देशिका अनुरूप सहभागितामूलक योजना पद्धति अपनाइनेछ ।

(४) विषय क्षेत्रगत गुरुयोजना तथा रणनीतिक योजनाहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

(५) प्रदेश योजनालाई राष्ट्रिय योजनासँग तादात्म्यता हुने गरी तर्जुमा गरिनेछ र स्थानीय तहका योजनालाई प्रदेश योजनासँग तादात्म्यता कायम गर्न सहजीकरण गरिनेछ ।

**रणनीति २: विनियोजन दक्षता बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्ने ।**

**कार्यनीतिहरू**

(१) अनिवार्य दायित्व, बहुवर्षीय तथा क्रमागत आयोजनाहरूलाई आवश्यक बजेट विनियोजन गरेर मात्र प्राथमिकताका आधारमा नयाँ आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गरिनेछ ।

(२) वार्षिक कार्यक्रम तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनालाई आधार लिइनेछ।

(३) विस्तृत परियोजना प्रस्ताव, वातावरणीय परीक्षण, जमिनको उपलब्धता जस्ता पूर्वतयारी भएका आयोजना वा कार्यक्रम मात्र छनोट गर्ने परिपाटीको थालनी गरिनेछ ।

(४) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि आवश्यक हुने भएमा विनियोजन विधेयक स्वीकृत भएको ३० दिनभित्र तर्जुमा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

(५) प्रदेश योजना तर्जुमा गर्दा राजनीतिक दल, संघ तथा प्रदेश सांसद, निजी क्षेत्र, विकास साझेदार, गैरसरकारी संस्था र नागरिक समाजसँग अन्तरक्रिया गरिनेछ ।

(६) खर्च क्षमताका आधारमा मात्र बजेट विनियोजन हुने व्यवस्था गरिनेछ।

**रणनीति ३: प्रदेश गौरवका आयोजना पहिचान गरी कार्यान्वयन गर्ने।**

**कार्यनीतिहरू**

(१) मापदण्डका आधारमा प्रदेश गौरवका आयोजना पहिचान तथा छनोट गरिनेछ।

(२) प्रदेश गौरवका आयोजनालाई निर्धारित समयमा सम्पन्न हुने गरी कार्यान्वयन संयन्त्र र आवश्यक स्रोतको व्यवस्था सुनिश्चित गरिनेछ।

**रणनीति ४: आयोजना बैंक प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरू**

(१) आयोजना बैंक स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

(२) पूर्वाधार विकाससम्बन्धी आयोजनाहरूको छनोट आयोजना बैंकबाट मात्र हुने व्यवस्था मिलाइनेछ।

(३) आयोजना बैंकलाई नियमित एवम् अद्यावधिक गर्न तथा तदनुरुप कार्यान्वयनमा लैजानका लागि मन्त्रालय, निकाय र स्थानीय तहका जनशक्तिको क्षमता विकास गरिनेछ ।

(४) आयोजना बैंक अद्यावधिक गरी स्रोत व्यवस्थापनका लागि संघ सरकार, छिमेकी प्रदेश, स्थानीय तहहरू, विकास साझेदार, निजी तथा सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

**रणनीति ५: आयोजना कार्यान्वयन प्रभावकारी बनाई लक्ष्य र प्रगतिबिच तादात्म्यता कायम गर्ने ।**

**कार्यनीतिहरू**

(१) हरेक योजनाको कार्य विस्तृतीकरण, समयतालिका एवम् सम्पादन गर्ने जिम्मेवार निकाय र पदाधिकारीसहितको कार्य ढाँचा तयार गरी कार्यान्वयन गरिनेछ।

(२) कार्यान्वयन कार्ययोजनाको प्रगति नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

(३) तोकिएको लागत, समय, गुणस्तर र परिमाणसहित आयोजना कार्यान्वयनका लागि कार्यसम्पादन करार गरिनेछ र कार्यसम्पादन करारलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ।

(४) सार्वजनिक खरिद योजना तथा गुरुयोजनाको प्रभावकारी कार्यान्वयन भए नभएको विद्युतीय प्रणालीबाट ट्र्याकिङ गर्ने व्यवस्था मिलाइनेछ ।

(५) कार्यसम्पादन करार गरिएका आयोजना प्रमुख वा जिम्मेवार कर्मचारीलाई सन्तोषजनक कार्यप्रगतिका आधारमा कम्तीमा दुई वर्षसम्म सरुवा गरिने छैन ।

**रणनीति ६: आवधिक प्रगति समीक्षा तथा प्रगति प्रतिवेदन प्रणालीलाई संस्थागत गर्ने ।**

**कार्यनीतिहरू**

(१) अनुगमन तथा सुपरिवेक्षणबाट देखिएका समस्या तत्काल समाधान गर्ने व्यवस्था मिलाइने छ ।

(२) मन्त्रालयको नियमित प्रगति समीक्षा तथा प्रतिवेदन आवधिक योजनाको नतिजा खाकामा आधारित हुने व्यवस्था अनिवार्य गरिनेछ।

(३) प्रदेश आवधिक योजनाका लक्ष्यको वार्षिक उपलब्धि प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको तीन महिनाभित्र वेबसाइटमार्फत प्रकाशन गरिनेछ ।

(४) स्थानीय तहको योजना कार्यान्वयनबाट हासिल भएको उपलब्धिलाई एकीकृत गरी प्रदेशको समग्र विकासको उपलब्धि देखिने व्यवस्था मिलाइनेछ ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ११.१ योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | इकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्यमा भएको प्रगति | प्रतिशत | २३.५ | १०० |
| २. | दिगो विकास लक्ष्य प्राप्तिमा भएको बजेट विनियोजन | प्रतिशत | ७१.३२ | ८५ |
| ३. | पुँजीगत खर्च | प्रतिशत | ६८.४ | ७५ |
| ४. | आयोजना बैङ्क निर्माण तथा सञ्चालन | संख्या | ० | १ |

*स्रोत: प्रदेश योजना आयोग, २०८१*

## ११.२ तथ्याङ्क व्यवस्थापन

### (१) पृष्ठभूमि

तथ्य र प्रमाणमा आधारित निर्णयका लागि तथ्याङ्क महत्त्वपूर्ण आधार हो। नीति योजनाको तर्जुमा र निर्णय प्रकृयालाई यथार्थपरक बनाउन अद्यावधिक तथ्याङ्क आवश्यक हुन्छ । यसका लागि प्रदेशमा व्यवस्थित तथ्याङ्क प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ ।

संविधानमा प्रदेशको एकल अधिकार सूचीमा प्रदेश तथ्याङ्क रहेको छ । प्रदेशले हालसम्म तथ्याङ्क ऐन र प्रदेश तथ्याङ्क नियमावली जारी गरेको छ भने प्रदेशको वस्तुस्थिति विवरण २०७५ र २०८१ तयार भएको छ ।

**(२) प्रमुख समस्या**

प्रदेश तथ्याङ्क ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन हुन नसक्नु; प्रदेशका विषय क्षेत्रगत आधारभूत तथ्याङ्क उपलब्ध हुन नसक्नु; राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उपलब्ध तथ्याङ्कमा प्रदेशको सबै क्षेत्रका खण्डीकृत तथ्याङ्कको अभाव हुनु; प्रदेश सरकारका विषयगत निकायबाट उत्पादित केही तथ्याङ्कमा एकरुपता नहुनु; तथ्याङ्कको संकलन, विश्लेषण तथा समग्र व्यवस्थापन कार्यका लागि अलग्गै संस्थागत व्यवस्था नहुनु; तथ्याङ्क सम्बन्धी विज्ञ जनशक्ति उपलब्ध नहुनु जस्ता पक्षहरु मुख्य समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

प्रदेशमा तथ्याङ्कसम्बन्धी ऐन तथा नियमावलीको व्यवस्था हुनु, प्रदेश योजना आयोगबाट तथ्याङ्क व्यवस्थापन कार्यको थालनी हुनु, निर्णय प्रक्रियामा तथ्याङ्कको प्रयोग गर्ने प्रवृत्ति क्रमशः बढ्दै जानु, एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकासको चरणमा रहनु जस्ता कार्यहरु अवसरका रूपमा रहेका छन् ।

योजना र निर्णय प्रक्रिया तथ्याङ्कमा आधारित बनाउनु; सङ्घीय र प्रदेश तथ्याङ्क ऐनमा भएका दोहोरोपना हटाउनु; स्थानीय, प्रदेश र सङ्घीय तथ्याङ्कबिच तादाम्यता कायम गर्नु; स्थानीय तह, प्रदेश र संघ बिचमा विद्युतीय सूचना सञ्जालीकरण गर्नु; स्थानीय तहका तथ्याङ्कलाई एकीकृत गरी प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध गर्नु जस्ता चुनौतीहरु यस क्षेत्रमा रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** अद्यावधिक तथ्याङ्कको उपलब्धताः तथ्यमा आधारित निर्णय र योजना ।

**(५) लक्ष्यः** सुदृढ तथ्याङ्क प्रणालीको विकास गर्ने ।

**(६) उद्देश्यः** तथ्याङ्क उत्पादन, विश्लेषण, प्रकाशन, भण्डारण तथा आदानप्रदानका लागि संस्थागत प्रणाली र जनशक्तिको व्यवस्थापन गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: तथ्याङ्क व्यवस्थापनका लागि संस्थागत व्यवस्था गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश तथ्याङ्क परिषद्लाई क्रियाशिल बनाइनेछ ।
(२) प्रदेश योजना आयोगमा रहेको तथ्याङ्क एकाइलाई सुदृढ र व्यवस्थित गरिनेछ ।
(३) प्रदेशमा तथ्याङ्कसम्बन्धी जनशक्तिको क्षमता विकास गरिनेछ।
(४) प्रदेशको तथ्याङ्क प्रणाली सुदृढीकरणका लागि राष्ट्रिय तथ्याङ्क कार्यालय र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

**रणनीति २: तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेश डेटा पोर्टलको व्यवस्था गरी तथ्याङ्क भण्डारण र व्यवस्थापनको प्रबन्ध गरिनेछ ।
(२) संघ, प्रदेश र स्थानीय तहमा उत्पादन हुने प्रदेशको वस्तुस्थितिसम्बन्धी तथ्याङ्क स्वतः र नियमित अद्यावधिक हुने गरी सञ्जालीकरण गर्न तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गरिनेछ।
(३) शैक्षिक, प्राज्ञिक तथा व्यावसायिक अध्ययन अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई प्रदेशको तथ्याङ्क सहज रूपमा प्राप्त हुने व्यवस्था गरिनेछ ।
(४) तथ्यमा आधारित निर्णय प्रक्रियालाई प्रवर्धन गरिनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ११.२ तथ्याङ्क व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क्र.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशको एकीकृत वस्तुस्थिति विवरण (वार्षिक) | संख्या | १ | १ |
| २. | योजना तथा तथ्याङ्कसम्बन्धी क्षमता विकास भएका जनशक्ति | संख्या | २० | १२० |

*स्रोतः प्रदेश योजना आयोग, २०८१ ।*

## ११.३ अनुगमन तथा मूल्याङ्कन

### (१) पृष्ठभूमि

प्रदेशको विकासलाई गुणस्तरीय र दिगो बनाउन तथा नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण प्राप्त गर्न र तथ्यगत आधार तयार गर्न अनुगमन तथा मूल्याङ्कनले महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रदेशका विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने उद्देश्यले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ जारी भएको छ । आवधिक विकास योजना नतिजा सूचकसहित तर्जुमा हुने गरेको छ। कार्यान्वयनकर्ता निकाय वा मन्त्रालयबाट हुने नियमित अनुगमनका साथै प्रदेश योजना आयोग र अन्य विभिन्न तहबाट समेत अनुगमन गर्ने कानुनी व्यवस्था र अभ्यास रहेको छ । प्रदेशमा अनुगमनको उच्च संयन्त्रका रूपमा प्रदेश विकास समस्या समाधान समिति, प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति रहेका छन् । प्रदेशसभाका सदस्य तथा विषयगत समितिद्वारा पनि अनुगमन हुने गरेको छ । यसैगरी, जिल्ला समन्वय समिति, स्थानीय उपभोक्ता समूहहरु समेत अनुगमनका प्रचलित तह एवम् संयन्त्रहरु हुन् । साथै, प्रदेशबाट भएका कामका विषयमा आफै वा बाह्य पक्षको संलग्नतामा मूल्याङ्कन गरी/गराई पृष्ठपोषण लिने अभ्यास समेत रहेको छ ।

### (२) प्रमुख समस्या

अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसक्नु, अनुगमनलाई योजना प्रणालीको अभिन्न अंगको रूपमा नलिइनु, अनुगमन सूचकमा आधारित नभई प्रायः अवलोकनमा सीमित हुनु, अनुगमन तथा मूल्याङ्कनलाई प्राथमिकताका साथ बजेट तथा अन्य स्रोत साधनको उचित व्यवस्था नहुनु, कर्मचारीको न्यूनता र स्थायित्वको कमी हुनुका साथै अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता कमजोर हुनु, व्यवस्थित तथ्याङ्कीय आधार तथा दक्ष जनशक्ति पर्याप्त नहुनु जस्ता विषयहरु मुख्य समस्याका रूपमा रहेका छन् ।

**(३) अवसर र चुनौती**

अनुगमन तथा मूल्याङ्कनका विभिन्न विधिहरूको विकास र उपयोग हुदै जानु, अनुगमनसम्बन्धी विभिन्न तहमा संस्थागत संरचना रहनु, प्रदेश अनुगमन तथा मूल्याङ्न दिग्दर्शन कार्यान्वयनमा रहनु, नियमित प्रगति समीक्षा हुनु, प्रगति विवरण वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था हुनु, उपभोक्ता स्वयं जागरुक भई अनुगमन कार्यमा संलग्न हुनु, सामाजिक सञ्जाल तथा सूचना प्रविधिको प्रयोगले अनुगमनको कार्य एवम् त्यसबाट प्राप्त सूचनामा आम सर्वसाधारणको पहुँच हुनु, अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिकीकरण गर्ने परिपाटीको क्रमशः विकास हुदै जानु जस्ता अवसरहरु रहेका छन्।

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु, अनुगमन संयन्त्रहरूको संस्थागत सुदृढीकरण गर्नु, अनुगमन तथा मूल्याङ्कनको सिफारिसप्रति सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु, तेस्रो पक्ष अनुगमन प्रणालीको अवलम्बन गर्नु, आवश्यक परिमाण र गुणस्तरका विषयसँग सम्बन्धित खण्डीकृत सूचना प्राप्त गर्नु जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

**(४) दीर्घकालीन सोचः** प्रभावकारी अनुगमन तथा मूल्याङ्कनः योजनाको सफल कार्यान्वयन

**(५) लक्ष्यः** अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई स्वचालित तथा जवाफदेही बनाउने ।

**(६) उद्देश्यः** अनुगमन तथा मूल्यांकन प्रक्रियालाई सूचकमा आधारित बनाई नतिजा सुनिश्चित गर्नु ।

**(७) रणनीति र कार्यनीति**

**रणनीति १: अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।**

**कार्यनीतिहरू**

(१) अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई समसामयिक परिमार्जन गरी कार्यान्वयन गरिनेछ ।

(२) वार्षिक कार्यक्रम स्वीकृत गर्दा अनुगमन कार्ययोजना समेत संलग्न गर्नुपर्ने व्यवस्था गरिनेछ ।

(३) जिम्मेवार पदाधिकारद्वारा आयोजना तथा कार्यक्रमको सूचकका आधारमा अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ ।

(४) आवधिक योजना र वार्षिक कार्यक्रमको परिमाणात्मक लक्ष्यका आधारमा वार्षिक समीक्षा गर्ने व्यवस्था गरिनेछ ।

(५) दिगो विकास लक्ष्यका सूचकमा हासिल भएका उपलब्धिको कार्ययोजना बमोजिम छुट्टै अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

(६) प्रदेश गौरवका आयोजना र छनोट भएका रणनीतिक योजनाको प्रगति डिजिटल ड्यासबोर्डमा निरन्तर देखिने गरी सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।

**रणनीति २: अनुगमन विधि, औजार र संयन्त्रको विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशस्तरीय विकास समस्या समाधान समिति; मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति; मन्त्रालय तथा निकायस्तरीय अनुगमन तथा मूल्याङ्कनसम्बन्धी शाखा, महाशाखालाई प्रभावकारी बनाइनेछ ।

(२) प्रदेशबाट सम्पादन हुने आयोजना तथा कार्यक्रमको अनुगमनमा प्रदेशसभा सदस्य, संसदीय समिति, तेस्रो पक्ष अनुगमन, सामुदायिक अनुगमन जस्ता बहुपक्षीय संयन्त्रको परिचालनमार्फत अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ।

**रणनीति ३: मूल्याङ्कन प्रणालीलाई संस्थागत गरी प्राप्त सूचना तथा पृष्ठपोषणलाई नीति तथा योजना निर्माणमा उपयोग गर्ने ।**

**कार्यनीतिहरू**

(१) प्रदेशका अनुकरणीय कार्य र अभ्यासहरू अभिलेखबद्ध गरी ज्ञान व्यवस्थापन गरिनेछ ।

(२) अध्ययन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको अभिलेखीकरण गरी वेबसाइटमार्फत प्रकाशन तथा सूचना सम्प्रेषण गरिनेछ।

(३) विकासका नीति तथा प्रमुख आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने पद्धति विकास गरिनेछ ।

(४) निश्चित योजनाहरूमा तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गरिनेछ।

(५) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचनालाई जवाफदेहिता अभिवृद्धि र सिकाइको आधारका रूपमा उपयोग गरी प्रदेशको नीति निर्माण एवम् निर्णय प्रक्रियालाई तथ्यपरक बनाइनेछ ।

**रणनीति ४: अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक साधन स्रोतको व्यवस्था तथा जनशक्तिको क्षमता विकास गर्ने ।**

**कार्यनीतिहरू**

(१) अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक साधन स्रोत सुनिश्चित गरिनेछ।

(२) अनुगमन तथा मूल्याङ्कनमा खटिने जनशक्तिलाई आवश्यक अभिमुखीकरण तथा तालिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) जिल्ला समन्वय समितिको क्षमता विकासमा समन्वय गरी अनुगमनको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

**रणनीति ५: विकास आयोजनाको समीक्षा गरी समस्या समाधान गर्ने ।**

**कार्यनीतिहरू**

(१) त्रैमासिक रूपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट मन्त्रालय र मातहतका विकास योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रगति समीक्षा गरी योजना कार्यान्वयनमा देखिएका समस्या समाधान गरिनेछ।

(२) प्रदेश विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रदेश विकास समस्या समाधान समितिमा समीक्षा गरी योजना कार्यान्वयनमा देखिएका समस्या समाधान गरिनेछ।

(३) विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको प्रगति विवरण तयार गरी सार्वजनिक गरिनेछ।

(४) योजना, कार्यक्रम तथा आयोजनाहरूमा उत्कृष्ट प्रगति हासिल गर्ने आयोजना प्रमुखलाई पुरस्कृत गरिनेछ ।

(५) स्थानीय तहका आवधिक योजनाबाट हासिल भएका उपलब्धिसमेत समावेश हुने गरी प्रदेश एकीकृत प्रतिवेदन तयार गर्न पहल गरिनेछ।

**(८) परिमाणात्मक लक्ष्य**

**तालिका ११.४ अनुगमन तथा मूल्याङ्कनसम्बन्धी परिमाणात्मक लक्ष्य**

| क.सं. | परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशस्तरीय समस्या समाधान समिति बैठक (वार्षिक) | संख्या | १ | २ |
| २. | प्रदेश योजना आयोगबाट अनुगमन भएका आयोजना/कार्यक्रम (वार्षिक) | संख्या | १२ | १२ |
| ३. | अनुगमन तथा मूल्याङ्कन क्षमता विकास भएका जनशक्ति | जना | - | ६० |

*स्रोतः प्रदेश योजना आयोग, २०८१*

# परिच्छेद बाह्रः नतिजा खाका

## १२.१ पृष्ठभूमि

योजना, कार्यक्रम तथा आयोजनाका बिच नतिजाहरूको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउन कारण र असरहरूको विश्लेषण गर्दै लगानीदेखि प्रतिफल हुँदै लक्ष्य वा प्रभावसँग पुग्ने गरी नतिजाहरूको शृंखलाबद्ध सम्बन्ध स्थापित गरिएको हुन्छ ।

प्रस्तुत तर्कबद्ध खाका तयार गर्दा विषयगत क्षेत्रका आधारमा नतिजा क्षेत्र (Key Result Area) निर्धारण गरी सोसँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तरसम्बन्धित गराउने प्रयास गरिएको छ । यसमा रहेका नतिजा सूचकहरूमार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवम् नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ ।

# १२.२ एकीकृत तर्कबद्ध खाका ( Integrated Logical Framework)

## १. वित्तीय अवस्था, सार्वजनिक खर्च, निजी क्षेत्र परिचालन, सहकार्य साझेदारी एवम् सहलगानी, बचत र लगानी

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/ जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| **(क) प्रभाव** | | | | | | | | | | |
| १. कुल गार्हस्थ उत्पानको वृद्धि दर | प्रतिशत | ४.०५ | ६.५० | ६.८० | ७.१० | ७.५० | ७.९० | आर्थिक सर्वेक्षण | | |
| २. राजस्व प्रक्षेपण र प्राप्तिको अनुपात | प्रतिशत | ६९ | ७३ | ७७ | ८१ | ८५ | ९० | आर्थिक सर्वेक्षण | | |
| **(ख) असर** | | | | | | | | | | |
| १. वार्षिक बजेटमा खर्च अनुपात | प्रतिशत | ७०.६८ | ७२ | ७६ | ८०.० | ८५ | ९०.० | आर्थिक सर्वेक्षण | आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| २. सहकारीको कुल बचत र लगानी | अनुपात | १:०.८९ | १:०.८९ | १:०.८८ | १:०.८७ | १:०.८६ | १:०.८५ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| ३. कुल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा बिमा क्षेत्रको योगदान | प्रतिशत | ५.० | ६.० | ६.१ | ६.२ | ६.३ | ६.३ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | वैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय भएको हुने |
| **(ग) प्रतिफल सूचक** | | | | | | | | | | |
| **(१) वित्तीय व्यवस्था** | | | | | | | | | | |
| १. प्रदेश बजेटमा आन्तरिक आय/ राजस्वको हिस्सा | प्रतिशत | १६.२ | १६.७ | १७.२ | १८ | १८.५ | २०.० | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| २. आन्तरिक राजस्वको वार्षिक वृद्धि दर | प्रतिशत | १५.१ | १६.५ | १८ | २०.० | २२.५ | २५.० | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| ३. राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको वृद्धि दर | प्रतिशत | ११.९ | १२.३ | १२.७ | १३.० | १४ | १५.० | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| ४. आन्तरिक ऋण परिचालन | करोडमा | ० | ० | ५७ | ६३ | ६९ | १८९ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| **(२) सार्वजनिक खर्च** | | | | | | | | | | |
| १. वार्षिक बजेट (लाखमा) | अर्ब रू. | ४०.४८ | ३८.९७ | ४१.०७ | ४७.४६ | ५५.३४ | ६४.०५ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| २. वार्षिक बजेटको तुलनामा खर्च अनुपात | प्रतिशत | ७०.६८ | ७३ | ७७ | ८० | ८५ | ९० | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| ३. कुल खर्चमा आन्तरिक स्रोतको अनुपात | प्रतिशत | १२.६ | १३ | १३.५ | १४ | १४.५ | १५ | बजेट वक्तव्य | सम्बन्धित मन्त्रालय | |
| ४. कुल खर्चमा पुँजीगत खर्चको अनुपात | प्रतिशत | ५८.६० | ६० | ६१ | ६१.८० | ६५ | ७१.६० | बजेट वक्तव्य | सम्बन्धित मन्त्रालय | |

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/ जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| ५. कुल खर्चमा चालु खर्चको अनुपात | प्रतिशत | ४१.४० | ४० | ३९ | ३८.२० | ३५ | २८.४० | बजेट वक्तव्य | सम्बन्धित मन्त्रालय | |
| (३) **निजी क्षेत्र परिचालन** | | | | | | | | | | |
| १. निजी क्षेत्र सहजीकरणसम्बन्धी नीति तथा कानुन | संख्या | ६ | ७ | ८ | ९ | १० | १० | प्रदेश राजपत्र | सम्बन्धित मन्त्रालय | |
| २. निजी लगानी आकर्षित गर्ने सम्भाव्य सूचीमा समावेश आयोजना | संख्या | ० | १ | ३ | ५ | ७ | १० | प्रदेश योजना आयोग | सम्बन्धित मन्त्रालय | निजी क्षेत्रसँग समन्वय भएको हुने |
| ३. लगानी सम्मेलन/नीति सम्वाद | संख्या | ० | १ | १ | २ | २ | ३ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | निजी क्षेत्रसँग समन्वय भएको हुने |
| (४) **सहकार्य साझेदारी एवम् सहलगानी** | | | | | | | | | | |
| १. साझेदारीसम्बन्धी प्रादेशिक नीति, कानुन, कार्यविधि तर्जुमा | संख्या | ३ | ४ | ६ | ७ | ७ | ७ | मुख्यमन्त्री कार्यालयको प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| २. साझेदारीमा सञ्चालित आयोजनाको कुल लागतमा निजी क्षेत्रको लगानी अनुपात | प्रतिशत | ५९ | ६० | ६१ | ६२ | ६३ | ६४ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | निजी क्षेत्रसँग समन्वय भएको हुने |
| (५) **बचत र लगानी** | | | | | | | | | | |
| १. समूह ऋण परिचालन | रू.करोडमा | ४०८०.६८ | | | ३१३९.०८ | | ४६५६.९ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |
| २. कुल बचत संकलन | रू.करोडमा | ५९९६.४ | | | ३१०६.६ | | ५४७८.७ | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालय | |

## २. कृषि, पशुपन्छी र मत्स्य, खाद्य सुरक्षा र भूमि व्यवस्था

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| **(क) प्रभाव** | | | | | | | | | | |
| १. कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २९.६ | २९.१ | २८.५ | २७.८ | २७.० | २६.२ | आर्थिक सर्वेक्षण | | |
| २. बीउ प्रतिस्थापन दर | प्रतिशत | २१.८ | २२ | २३ | २४.५ | २६ | २७ | आर्थिक सर्वेक्षण | | |
| **(ख) असर** | | | | | | | | | | |
| १. कृषि भूमिको उत्पादकत्व प्रति हेक्टर | रू. हजार | २८४.१२ | २९० | २९९ | ३१० | ३१७ | ३२६.४५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | स्थानीय तहसँग सहकार्य भएको हुने |
| २. कृषि श्रमको उत्पादकत्व (प्रति व्यक्ति) | रू. हजार | ६५.१४ | ६८ | ७१ | ७४ | ७६ | ७८.१८ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | स्थानीय तहसँग सहकार्य भएको हुने |
| ३. कृषि क्षेत्रको मूल्य अभिवृद्धि | रू. अर्बमा | २०२ | २१९ | २३० | २४१ | २५१ | २७१ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| **(ग) प्रतिफल सूचक** | | | | | | | | | | |
| **१. कृषि क्षेत्र** | | | | | | | | | | |
| १. प्राङ्गारिक कृषि पकेट क्षेत्र विकास (प्रमाणीकरण सहित) | सङ्ख्या | ० | १ | ३ | ५ | ६ | ७ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| २. प्राङ्गारिक कृषि पकेट क्षेत्र घोषणा | संख्या | - | ० | २ | ६ | १२ | २० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ३. प्राङ्गारिक खेतीका लागि आन्तरिक नियन्त्रण प्रणाली | संख्या | - | ० | १ | ३ | ५ | ७ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ४. अर्गानिक बस्तुको बिक्री केन्द्र स्थापना | संख्या | - | ० | १ | ३ | ५ | ७ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ५. प्राङ्गारिक खेतीसम्बन्धी तालिम/प्रशिक्षण कार्यक्रम | संख्या | - | ० | ३ | ८ | १६ | २५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ६. माटोमा प्राङ्गारिक पदार्थको मात्रा | प्रतिशत | १.८५ | १.८७ | १.९ | १.९३ | १.९६ | २.० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ७. बाली सघनता | प्रतिशत | १८० | १८६ | १९३ | १९८ | २०४ | २१० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ८. बीउ प्रमाणीकरण | मे.टन. | ८१७ | ९०० | ९७५ | १०५० | ११२५ | १२०० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ९. कृषि उपज बजार पूर्वाधार | सङ्ख्या | १८८ | १९० | १९४ | १९७ | १९९ | २०१ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| १०. कृषि स्रोत केन्द्र स्थापना (सरकारीस्तर) | सङ्ख्या | ० | ० | १ | १ | १ | २ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ११. साना सिँचाइ विस्तार | हेक्टर | ३८९ | ४२५ | ४६० | ४९० | ५१५ | ५४५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| १२. बीउ भण्डारण क्षमता | मे.टन. हजारमा | २२ | २४ | २६ | २८ | २९ | ३० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| १३. प्रमुख बाली उत्पादकत्व | | | | | | | | | | |
| (क) धान | मे.टन/हेक्टर | ३.८१ | ३.८५ | ३.८८ | ३.९२ | ३.९६ | ४.२ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ख) मकै | मे.टन/हेक्टर | ३.०९ | ३.१५ | ३.२२ | ३.३३ | ३.४ | ३.५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ग) गहुँ | मे.टन/हेक्टर | ३.३४ | ३.४ | ३.४८ | ३.५५ | ३.६२ | ३.७ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (घ) कोदो | मे.टन/हेक्टर | १.३ | १.३२ | १.३४ | १.३६ | १.३८ | १.४ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ङ) तरकारी | मे.टन/हेक्टर | १२.९३ | १३ | १३.३ | १३.६ | १३.८ | १४. | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (च) आलु | मे.टन/हेक्टर | १७.२१ | १७.३ | १७.५ | १८ | १८.५ | १९.२ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (छ) दलहन | मे.टन/हेक्टर | १.०२ | १.०४ | १.०७ | १.०९ | १.११ | १.१३ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ज) तेलहन | मे.टन/हेक्टर | १.०६ | १.०९ | १.१२ | १.१५ | १.१८ | १.२० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (झ) फलफूल | मे.टन/हेक्टर | ११.२ | ११.२२ | ११.२४ | ११.२६ | ११.२८ | १२.१ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| **२. पशुपन्छी क्षेत्र** | | | | | | | | | | |
| **१. प्रमुख बस्तुको उत्पादन तथा सेवा विस्तार (वार्षिक)** | | | | | | | | | | |
| (क) दुध उत्पादन | मे.टन. हजारमा | ६०१.३ | ६१० | ६१५ | ६२० | ६२५ | ६३० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ख) मासु उत्पादन | मे.टन. हजारमा | ११५ | ११८ | १२१ | १२४ | १२७ | १३० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ग) अण्डा उत्पादन | गोटा लाखमा | २०४५ | २०६५ | २०८५ | २११५ | २१३५ | २१५५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (घ) पशुपन्छी खोप सेवा | सङ्ख्या (हजारमा) | १०७३ | १०७६ | १०८२ | १०८६ | १०९२ | १२०० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ङ) पशुपन्छी उपचार सेवा | सङ्ख्या(हजारमा) | १६२ | १७५ | १९० | २०५ | २२० | २५० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| (च) कृत्रिम गर्भाधान सेवा | सङ्ख्या (हजारमा) | ६४ | ७० | ७५ | ८० | ९० | १०० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| २. खोप भण्डार पूर्वाधार | सङ्ख्या | ४ | ४ | ४ | ५ | ५ | ५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ३. खोरेत रोग मुक्त जिल्ला | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ४ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ४. उन्नत नश्लका बाखा, गाई, भैंसी, बंगुर स्रोतकेन्द्र स्थापना | सङ्ख्या | १२ | १३ | १५ | १७ | १९ | २० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| **३. मत्स्य** | | | | | | | | | | |
| १. माछा उत्पादन | मे.टन. हजारमा | १५.८८ | १६.२ | १६.५ | १६.७५ | १७ | १७.५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| २. मत्स्य पालन जलाशय | हेक्टर | ३३३८ | ३३८० | ३४१० | ३४४० | ३४७० | ३५०० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| ३. मत्स्य वीज पोखरी | हेक्टर | १६० | १६५ | १७५ | १८४ | १९२ | २०० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| **४. भूमि व्यवस्थापन** | | | | | | | | | | |
| १. कृषिमा प्रयोग भएको जमिन प्रति घरपरिवार | हे. | ०.६० | ०.६२ | ०.६२ | ०.६२ | ०.६२ | ०.६२ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| २. भू-उपयोग योजना भएका स्थानीय तह | सङ्ख्या | ५० | ६० | ७५ | ८५ | ९५ | १०९ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| **५. खाद्य सुरक्षा र पोषण** | | | | | | | | | | |
| १. आफ्नो उत्पादनले वर्षैभरि खान नपुग्ने कृषक परिवार | प्रतिशत | ५१ | ५० | ४८ | ४७ | ४६ | ४५ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| २. खाद्य उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष) | | | | | | | | | | |
| (क) खाद्यान्न (पशुपंक्षी दानाका लागि समेत) | किग्रा | २५६ | २६० | २७० | २८० | २९० | ३०० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ख) आलु | किग्रा | ६५.७७ | ६७ | ६८ | ६९.५ | ७१ | ७३ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ग) दलहन | किग्रा | १५.७७ | १६.४ | १७ | १८ | १९ | २० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (घ) तेलहन | किग्रा | ४.२० | ४.८ | ५.३ | ६ | ७ | ८ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ङ) तरकारी | किग्रा | ९०.५ | ९१ | ९२ | ९३ | ९४ | ९६ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (च) फलफूल | किग्रा | २४.२९ | २५.३ | २६.३ | २७.३ | २८.३ | ३० | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| (छ) मासु | किग्रा | २१.७ | २२ | २२.३ | २२.७ | २३.२ | २४ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ज) दुध | लिटर | ११० | ११२ | ११४ | ११६ | ११८ | १२१ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (झ) अण्डा | गोटा | ४४ | ४४.५ | ४५ | ४६ | ४७ | ४८ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ञ) माछा | किग्रा | ३.६७ | ३.७३ | ३.७९ | ३.८६ | ३.९३ | ४.२ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |
| (ट) मह | ग्राम | १७२ | १७५ | १७८ | १८१ | १८४ | १८६ | मन्त्रालयको वार्षिक प्रतिवेदन | सम्बन्धित मन्त्रालय | |

## ३. उद्योग; वाणिज्य, आपूर्ति र बजार व्यवस्थापन; मूल्य शृंखला र ब्राण्डिङ; खानी तथा अन्वेषण

| परिसूचकहरू | एकाइ | आर्थिक वर्ष २०८०/८१ को अवस्था | आर्थिक वर्ष | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/जोखिम २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|---|---|
